# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ८३ | काठमाडौं | आइतबार, ३० असार २०८१ | Prabhab National Daily | Sunday, July 14, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# नयाँ प्रधानमन्त्री नियुक्ति आज



- साँझ ५ बजेपछि एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त हुने
- कांग्रेसले नौ र एमालेले आठ मन्त्रालय पाउने
- सरकारमा कांग्रेसबाट प्रकाशमान सिंहले नेतृत्व गर्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकको नयाँ प्रधानमन्त्रीमा आज नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नियुक्त हुँदै छन् । राष्ट्रपति रामचन्द्र पौडेलले साँझ ५ बजेपछि ओलीलाई प्रधानमन्त्रीमा नियुक्त गर्ने तयारी गरेका छन् ।

राष्ट्रपति पौडेलले शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहालले संसद्को विश्वास गुमाएपछि संविधानको धारा ७६ को उपधारा २ अनुसार आइतबार साँझ ५ बजेसम्म सरकार गठनको दाबी पेस गर्ने समय दिएका थिए । ओलीले आफ्नो दल एमाले र कांग्रेसको समर्थनमा शुक्रबार राति नै प्रधानमन्त्रीमा दाबी पेस गरेका थिए । तर, दाबी पेस गर्न तोकिएको समय सकिएपछि मात्रै उनलाई प्रधानमन्त्रीमा नियुक्त गरिने भएको राष्ट्रपति कार्यालयले जनाएको छ । नवनियुक्त प्रधानमन्त्रीलाई सोमबार पद तथा गोपनीयताको शपथ गराउने तयारी छ ।

शपथ ग्रहणसँगै मन्त्रीमण्डल गठन हुने एमालेका एक नेताले जानकारी दिए । त्यसका लागि कांग्रेस-एमालेबीच मन्त्रालय बाँडफाँट लगभग टुंगिएको बताइएको छ । तर, कुन मन्त्रालय कुन दललाई भन्ने विवरण भने सार्वजनिक गरिएको छैन । मन्त्रालयको भागबण्डा सांसद संख्याका आधारमा तय गरिएको छ । यस आधारमा कांग्रेसले गृहसहित नौ र एमालेले अर्थसहित आठ वटा मन्त्रालय लिने सहमति कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष ओलीबीच भएको स्रोतको भनाइ छ । अन्य साना दलहरूलाई भने चार सांसद बराबर एक मन्त्री दिनेगरी तयारी भइरहेको बताइएको छ ।

एमाले नेता प्रदीप ज्ञवालीका अनुसार एमालेले अर्थ, रक्षा, शिक्षा, सञ्चार र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय लिने समझदारी भएको छ । कांग्रेसले गृह, परराष्ट्र, पर्यटन, स्वास्थ्य र कृषि मन्त्रालय लिने टुंगो लागेको छ । भौतिक पूर्वाधार तथा यातायात र ऊर्जालगायतका मन्त्रालय भने कसले लिने भन्ने टुंगो लागिसकेको छैन ।

ओली नेतृत्वको सरकारमा कांग्रेस प्रकाशमान सिंहको नेतृत्वमा सहभागी हुने भएको छ । उनलाई उपप्रधानमन्त्री बनाइने भएको छ । स्रोतका अनुसार उनी संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री बन्ने सम्भावना छ । उनको चाहना भने भौतिक पूर्वाधार मन्त्रालयमा रहेको बताइन्छ । गृह मन्त्रालयको जिम्मेवारी कांग्रेस प्रमुख सचेतक रमेश लेखकले पाउने निश्चितजस्तै भएको स्रोतको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)

सिमलताल दुर्घटना

# तीन यात्रुको शव फेला, अझै कम्तीमा ४७ बेपत्ता

- नदीमा डुबेका दुई बस अझै भेटिएनन्
- ठूला चुम्बक, पानीभित्र प्रयोग गरिने क्यामरा, दूरविनजस्ता प्रविधिको प्रयोग
- नदीको बहाव तीव्र र पानी धमिलो हुँदा खोजी कार्यमा कठिनाइ
- सशस्त्र प्रहरी र नेपाली सेनाको गोताखोरसहितको टोली खोजीमा सक्रिय



■ **जेबी योञ्जन**

**काठमाडौं–** चितवनको सिमलतालमा पहिरोले बगाएर त्रिशूली नदीमा बेपत्ता भएका दुई बसमा सवार चालक र यात्रुगरी अझैसम्म कम्तीमा ४७ जना बेपत्ता छन् । उनीहरूको खोजी कार्य जारी छ । तीन जनाको भने शव फेला परेको छ ।

तीमध्ये एक जना भारतीय नागरिक र एक जना नेपाली रहेको चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए । उनका अनुसार सुरुमा एक जना भारतीय यात्रुको शव फेला परेको नारायणी नदीको गोलाघाट दुर्घटनास्थलबाट झण्डै ५० किलोमिटर तल अवस्थित छ । गोलाघाटमा राप्ती र नारायणी नदी मिसिने ठाउँनजिकै ती शव फेला परेको र उनको परिवारजनले सनाखत गरेको प्रमुख जिल्ला अधिकारी यादवले बताए । सनाखत गरिएको शव भारतको विहार राज्यअन्तर्गत सीतामडी जिल्ला बर्गनिया थानाग्राम जमुवा बस्ने २८ वर्षीय ऋषिपाल साहको भएको प्रहरीले जनाएको छ । उनी काठमाडौंको जोरपाटीबाट गणपति डिलक्सको बसमा चढेका थिए ।

खोलाले बगाएर बाहिर फचाँकेको अवस्थामा उनको शव स्थानीयले भेट्टाएपछि प्रहरीलाई खबर गरेका थिए । त्यसपछि प्रहरी टोली र मृतकको बुबा गएर शवको सनाखत गरेका थिए । त्यसबाहेक सर्लाहीको बरहथवाका अर्का यात्रुको शव नवलपरासी पूर्वको गैंडाकोट-७ मा पर्ने नदी छेउमा फेला परेको यादवले बताए । उनका अनुसार गैंडाकोटमा फेला परेका दुईमध्ये एक शव काठमाडौंबाट रौतहटको गौर जाँदै गरेको गणपति डिलक्समा सवार १९ वर्षीय रमितकिशोर माझीको भएको उनका बुबाले पुष्टि गरिसकेका छन् ।

'हालसम्म फेला परेको तीनवटा शव हो । त्यसमध्ये दुईवटाको सनाखत भइसक्यो । दुवै शव सिमलतालबाट पहिरोसँगै त्रिशूली नदीमा खसेको बसमा सवार यात्रु रहेको पाइएको छ र अर्को एउटा शवको पहिचान हुन बाँकी छ,' प्रमुख जिल्ला अधिकारी यादवले भने, 'हामी पहिचान गर्ने क्रममा छौं । उनले शनिबार थप व्यवस्थितरूपले खोजी रणनीति बनाएर टिम परिचालन गरिँदा तीनवटा शव फेला पार्न सकिएको बताए ।

भरतपुर महानगरपालिका-२९ मा पर्ने सिमलतालमा भएको दुर्घटनामा दुवै बसमा कति यात्रु सवार थिए र तिनीहरू कहाँका थिए भन्ने पूरै विवरण सार्वजनिक हुन सकेको छैन । वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल यातायातको बस र काठमाडौंबाट रौतहटको सदरमुकाम जाँदै गरेको ०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स बसलाई पहिरोले बगाएर त्रिशूली नदीमा पुऱ्याएको हो ।

एञ्जल यातायातको बसमा २४ जना रहेको विवरण आए पनि १७ यात्रुको मात्रै नाम ठेगाना प्राप्त भएको जिल्ला प्रशासन कार्यालय चितवनले जनाएको छ । गणपति यातायातको बसमा ३० जना सवार रहेको विवरण आएको छ । तर, २६ यात्रुको मात्रै नाम ठेगाना प्राप्त भएको चितवन प्रशासनले जनाएको छ ।

पहिरोले शुक्रबार बिहान दुईवटा बस बगाएको हो । पहिरोले बगाउँदै गरेको देखेका अर्का बसका चालकले प्रहरीको हटलाइन नम्बर १०० मा फोन गरेका थिए । चालकले फोन गर्दा बिहानको ४:१५ बजे थियो । लगत्तै प्रहरीको टोली परिचालन भएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# १०० जना कामदार पठाउन नसकेका व्यवसायी तनावमा

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** वैदेशिक रोजगारीमा कामदार पठाउने इजाजतपत्र प्राप्त म्यानपावर कम्पनी प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र नवीकरण गर्नुपर्ने प्रावधान छ । साथै, वार्षिकरूपमा १०० जना कामदार वैदेशिक रोजगारीमा पठाउन नसक्ने म्यानपावरहरूको नवीकरण नहुने र दुई आर्थिक वर्षमा पनि १०० जना पुऱ्याउन नसक्ने कम्पनी खारेजीमा जाने कानुनी व्यवस्था छ ।

एक आर्थिक वर्षभित्र १०० जना पठाउनैपर्ने नियमका कारण म्यानपावर कम्पनी नवीकरण नहुने र खारेजीमा पर्ने भयले व्यवसायीहरू तनावमा छन् । चालु आर्थिक वर्ष २०८०/८१ मा झण्डै २५० म्यानपावर कम्पनीले उक्त संख्यामा कामदार पठाउन नसकेको वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकमा देखाएको छ ।

> 'प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिनुअघि बसेको मन्त्रिपरिषद् बैठकले १०० जना कामदार नपठाउने म्यानपावरको इजाजत नवीकरण गर्ने विषयमा सहजीकरण गर्ने व्यवसायीको अपेक्षा रहे पनि त्यसो हुन सकेन'

उक्त समस्यामा रहेका व्यवसायीहरू म्यानपावरको नवीकरण रोक्का र खारेजको संघारमा पुगेका कारण तनावमा परेको एक व्यवसायीले बताए । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वार्षिक १०० जना कामदार पठाउन नसकेका म्यानपावर कम्पनीहरूको इजाजतपत्र नवीकरण गर्न वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अनुसार बाधा अड्काउ फुकाउ आदेश जारी गराउन मन्त्रिपरिषद्मा प्रस्ताव लगे पनि फिर्ता लिएको भन्ने विषयले व्यवसायी झन् तनावमा परेको उनले बताए ।

'प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिनुअघि बसेको मन्त्रिपरिषद् बैठकले १०० जना कामदार नपठाउने म्यानपावरको इजाजत नवीकरण गर्ने विषयमा सहजीकरण गर्ने व्यवसायीको अपेक्षा रहे पनि त्यसो हुन सकेन,' उनले भने, 'श्रममन्त्रीले व्यवसायीको मर्का बुझ्नुभएन, प्रस्ताव फिर्ता गरेर व्यवसायीलाई झन् तनाव दिने काम गर्नुभयो ।'

(क्रमशः पृष्ठ २ मा)

# नेवाः समाजको पाँचौं साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार क्षेत्रमा सक्रिय नेवार समुदायका व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाजको पाँचौं साधारणसभा सम्पन्न भएको छ । साधारणसभाको उद्घाटन गर्दै नेवाः समाज संस्थापक सल्लाहकार एवं नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संस्थापक प्रेमलाल महर्जनले वैदेशिक रोजगारीको क्षेत्रमा व्यापक समस्या रहेकाले सबै व्यवसायी एकजुट भएर समाधानका लागि लाग्नुपर्नेमा जोड दिए ।

'अहिले १०० कोटाले समस्या पारेको छ, फ्रि भिसा फ्रि टिकटले त्यस्तै गाह्रो छ,' उनले भने, 'व्यवसायीले नै व्यवसायीविरुद्ध सरकारको कान फुक्ने गरेका कारण समस्या बल्झिरहेको छ ।' व्यवसाय सञ्चालन गर्दा विशुद्ध व्यवसायी भएर गर्नुपर्नेमा जोड दिँदै उनले राजनीतिक दलको कार्यकर्ता जस्तो भएर व्यवहार र व्यवसाय नगर्न सुझाव दिए । नेवाः समाजका सल्लाहकार सुजित श्रेष्ठले वैदेशिक रोजगारलाई व्यवस्थित र मर्यादित बनाउने नाममा सरकारले अन्याय गरिरहेको बताए ।

(क्रमशः पृष्ठ २ मा)




# सम्पदा पुनर्निर्माण गर्न संघीय सरकारसँग पैसा नलिने घोषणा

**पाटन (ललितपुर)**– ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले महानगरभित्रका पुरातात्त्विक सम्पदा निर्माण गर्दा संघीय सरकारसँग आर्थिक सहयोग नलिने बताएका छन् । ललितपुरको सुनाकोठीस्थित भृंगारेश्वर महादेव मन्दिर प्रांगणमा भृंगारेश्वर धाम निर्माण गर्न आगामी कात्तिक ६ गतेदेखि १३ गतेसम्म हुने श्रीमद्भागवत् ज्ञान महायज्ञ (आध्यात्मिक महोत्सव)को संकल्पसभाको उद्घाटन गर्दै प्रमुख महर्जनले मठमन्दिर, देवालय, शिवालयलगायत पुरातात्त्विक सम्पदा बनाउँदा महानगरको आन्तरिक स्रोतबाट खर्च गरिने जानकारी दिए ।

'संघीय सरकारसँग खर्च लिएर पुरातात्त्विक शैलीको मठमन्दिर, देवालय, शिवालय निर्माण गर्दा प्रक्रिया लामो हुन्छ । ठेकेदारले पनि लिच्छविकालीन, मल्लकालीन मठमन्दिर, सम्पदाहरू पुरानै शैलीमा निर्माण गर्दैनन्,' उनले भने, 'पाटन दरबारको भीमसेन मन्दिर, देगु तलेजु, बालकुमारीको बालकुमारी मन्दिर महानगरले उत्कृष्ट तरिकाले निर्माण गरेको छ । कुनै समस्या भएको छैन ।'

मठमन्दिर, देवालय, शिवालय निर्माणमा नेतृत्व राम्रो भयो भने खर्च अभाव नहुने भन्दै महर्जनले काम गर्ने जोशजाँगर र इच्छाशक्ति हुनुपर्नेमा जोड दिए । सुनाकोठीमा सञ्चालन हुने महायज्ञले यस क्षेत्रको धार्मिक तथा पर्यटकीय महत्त्वको प्रचारप्रसार गर्नुका साथै आर्थिक संकलनमा महत्त्वपूर्ण भूमिका निर्वाह हुने उनको भनाइ छ ।

महायज्ञ सम्पन्न भएपछि मात्रै निर्माण सुरु हुनेगरी तालिका सार्वजनिक गर्नुपर्ने बताउँदै महानगरप्रमुख महर्जनले पुनर्निर्माणका लागि खर्च अभाव नहुने प्रतिबद्धता व्यक्त गरे । 'यो ठाउँ मुलुकको भ्रमण गर्नैपर्ने ठाउँ हो भनेर प्रचारप्रसार गर्न जरुरी छ । प्रभावकारी निर्माणका लागि सबैको सहयोग र सहकार्य आवश्यक छ,' उनले भने ।

महायज्ञका कथा वाचक प्रविण पण्डित दीनबन्दु पोखरेलले आध्यात्मिक साधना गर्न नेपाल सर्वोच्चस्थल भएको बताउँदै विश्वलाई आध्यात्मिकवादमार्फत शान्तिको सन्देश दिन यहाँका धार्मिक, ऐतिहासिकस्थलको विश्वमा प्रचारप्रसार गर्नुपर्नेमा जोड दिए । 'आध्यात्मिक साधनाका लागि नेपाल सर्वोच्चस्थल हो । यहाँ विश्वले भ्रमण गर्नैपर्ने स्थान छन् । सांस्कृतिक हिसाबले ललितपुर उत्कृष्ट छ, सुनाकोठीको यो भृंगारेश्वर क्षेत्रलाई आध्यात्मिक पर्यटकीय नगरीका रूपमा अन्तर्राष्ट्रियरूपमा विकास गराउनुपर्छ,' पण्डित पोखरेलले भने ।

ललितपुर-२७ का वडाध्यक्ष कृष्णहरि महर्जनले सुनाकोठीको महायज्ञ सञ्चालनबाट पहिचान उजागर हुने तथा ऐतिहासिक महत्त्व अझै बढी प्रचारप्रसार हुने धारणा राख्दै यसका लागि सबैले आवश्यक सहयोग, समन्वय र सहकार्य गर्नुपर्ने बताए । प्राचीनकालमा निर्मित भृंगारेश्वर वि.सं. १९९० को भूकम्पले भत्काएपछि पुरानो शैलीमा मन्दिर निर्माण भएको थिएन । उक्त मन्दिरलाई पुरानै शैलीमा निर्माण गर्न महानगरको सहयोगमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) प्रक्रिया अघि बढेको छ ।

ऐतिहासिक सम्पदाका रूपमा रहेको भृंगारेश्वर महादेव मन्दिरको पुनर्निर्माण गरेर यहाँका पूर्वाधारलाई थप व्यवस्थित बनाउनुपर्ने भृंगारेश्वर सुधार तथा बुद्धसेवा समितिका अध्यक्ष रामचन्द्र महर्जनले बताए । उनका अनुसार यहाँ बालकुमारी त्रिपुरासुन्दरी, जगन्नाथ, गणेश र भृंगारेश्वर महादेव मन्दिरलगायत ऐतिहासिक सम्पदा रहेका छन् । वि.सं. २०७२ को भूकम्पले क्षति गरेका कतिपय ऐतिहासिक संरचना भने पुनर्निर्माण भइसकेका छन् । *रासस*

# युएसएड यात्रा : उपत्यकाका दुई स्थानमा एकैदिन सम्पन्न

**काठमाडौं (प्रस)**– नेपालको समृद्धिका लागि भइरहेको योगदान तथा पहलबारे जानकारी दिन अमेरिकी अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (युएसएड) ले सुरु गरेको यात्रा शनिबार काठमाडौंको भृकुटीमण्डप र ललितपुरको जावलाखेलमा सम्पन्न भएको छ । कार्यक्रममा कलाकार राजनराज शिवाकोटी, रिमा विश्वकर्मालगायतको प्रस्तुतिका साथै विभिन्न खेल तथा अन्य मनोरञ्जनका कार्यक्रम पनि आयोजना गरिएका थिए ।




यात्रा लुम्बिनी प्रदेशबाट सुरु भएको थियो । युसएडको सहयोगमा भएका विभिन्न कार्यक्रमको बारेमा जानकारी दिन कपिलवस्तुको वाणगंगाबाट सुरु भएको यात्रा बुटवल, दाङको लमही, कोहलपुर, नेपालगञ्जमा सम्पन्न भइसकेको छ । युएसएडले स्वास्थ्य, शिक्षा, आर्थिक वृद्धि, वातावरण, लोकतन्त्र, अधिकार र सुशासनका क्षेत्रहरूमा राष्ट्रिय र स्थानीयस्तरका विभिन्न परियोजनाहरू सञ्चालन गरिरहेको छ । यस्तो यात्रा भने पहिलोपटक गरेको हो ।

संयुक्त राज्य अमेरिका र नेपालबीचको दौत्य सम्बन्ध झण्डै आठ दशकदेखि रहँदै आएको छ । र, युएसएडले विगत ६३ वर्षभन्दा लामो समयदेखि नेपालको स्वास्थ्य, शिक्षा, आर्थिक विकास, कृषि र विपद् न्यूनीकरणमा साझेदारी गर्दै आएको छ । अमेरिकी जनताद्वारा प्राप्त हुँदै आएको अनुदान सहयोगले नेपालको समृद्धिमा महत्त्वपूर्ण योगदान पुग्दै आएको छ ।

युएसएडले सन् २०२३ मा स्वास्थ्य, शिक्षा र आर्थिक वृद्धिका कार्यक्रममार्फत १० लाखभन्दा बढी महिलाहरूको जीवनमा प्रत्यक्ष योगदान पुऱ्याएको जानकारी दिएको छ । जसबाट ५० लाख महिलाले विभिन्न कार्यक्रममार्फत अप्रत्यक्षरूपमा लाभ लिएका थिए । सन् २००० देखि युएसएडले नेपालको विकासका लागि स्वास्थ्य, शिक्षा, पूर्वाधार, कृषि, आर्थिक वृद्धि, महिला तथा बालिकाको सशक्तीकरण, मानवीय सहायता, सुशासन, वातावरण, नागरिक समाज र सञ्चार तथा व्यवसाय विकासका क्षेत्रहरूमा साढे एक अर्ब अमेरिकी डलर (एक खर्ब ९६ अर्ब नेपाली रुपैयाँ)भन्दा बढीको सहयोग प्रदान गरेको छ ।

पृष्ठ १ बाट क्रमशः

## दुई यात्रुको ...

नेपाली सेना र सशस्त्र प्रहरीले गोताखोरसहितको टोली परिचालन गरेका छन् । शनिबारसम्म बस र बेपत्ता यात्रुहरूको खोजी कार्यका लागि नेपालमा भएको जलउत्पन्न विपद् उद्धारको जनशक्ति र प्रविधि सबै परिचालन गरिएको छ । 'हामीसँग देशभित्र भएको दक्ष जनशक्ति र प्रविधि यहाँ प्रयोग भएको छ । शुक्रबार दिनभरको खोजी कार्यभन्दा शनिबार हामीले रणनीति बदलेका छौं । यो नदी साँघुरो, तर धेरै गहिरो छ । पानी धमिलो छ । गति धेरै छ । त्यसकारण गोताखोरहरूले पनि पानीभित्र गएर खोजी गर्न जोखिमपूर्ण अवस्था छ,' प्रजिअ यादवले भने, 'शनिबार हामीले पानीमा प्रयोग हुने ड्रोनसमेतको प्रयोग गरेर खोजी गरिरहेका छौं । ठूला चुम्बकको पनि प्रयोग गरेका छौं ।'

बेपत्ताहरूको खोजीमा शनिबार दूरबिनको पनि प्रयोग गरिएको थियो । साथै वारिपारिबाट मोटरबोटहरू समेत लगाएर खोजी गरिएको थियो । चितवन प्रशासनको सम्पर्कमा अहिले बेपत्ता यात्रुका आफन्तहरू आएका छन् । सोधपुछ गर्नेहरूका लागि सहायता कक्ष स्थापना गरिएको चितवन प्रशासनले जनाएको छ ।

कुरिटनारबाट सशस्त्र प्रहरी बलको विपद् व्यवस्थापन तालिम शिक्षालयका उद्धारकर्ताहरूले पानीभित्र क्यामरा पठाएर खोजी गरेका छन् । क्यामराले नदीको २० मिटर तलसम्म हेर्न सकिने शिक्षालयका अधिकारीहरूले बताएका छन् । २० मिटर लम्बाइको केबलको एउटा छेउमा क्यामरा हुन्छ । माथि बसेर स्क्रिनमा पानीभित्रको भिडियो हेर्न मिल्छ । तर, क्यामराको सहायताले बेपत्ता कसैको पनि शव फेला परेको छैन । पानी धमिलो भएका कारण क्यामराले प्रस्ट देखाउन नसकेको बताइएको छ ।

यससँगै शनिबार साँझ अँध्यारोका कारण खोजकार्य रोकिएको छ । अब आज बिहान ८ बजेबाट पुनः खोजी कार्य सुरु हुने प्रजिअ यादवले बताए । यसअघि शुक्रबार भने खोजीको क्रममा बसमा प्रयोग भएको पर्दा र केही यात्रुको भन्ठानिएका कपडा फेला पारेका थिए । खोजी तथा उद्धार कार्यमा संलग्नहरूका अनुसार नदीले शवहरू बगाएको हुन सक्छ । त्यही भएर त्रिशूलीको तल्लो तटीय क्षेत्रमा पनि खोजी कार्य भइरहेको छ । खोजी कार्यमा नेपाल प्रहरीका २५ र सशस्त्र प्रहरीका २५ गरी कूल ५० गोताखोर र उनीहरूको सहयोगका लागि थप २०० सुरक्षाकर्मी परिचलान गरिएको प्रजिअ यादवले बताए ।

बसका बेपत्ता यात्रुमध्ये सात जना भारतीय नागरिक रहेको चितवन प्रशासनमा प्रारम्भिक विवरण आएको छ । सशस्त्र प्रहरीका सहप्रवक्ता तथा डिएसपी शैलेन्द्र थापाका अनुसार पानीभित्र प्रयोग गरी खोज्न सकिने सोनार क्यामरा, वाटर ड्रोन, पाइपलाइन इन्सपेक्सन सिस्टमसहित खोजी भइरहेको छ । तर, हालसम्म बस फेला परेको छैन । बस फेला पर्ने आशाले ठूलो चुम्बक खोजी कार्यमा प्रयोग गरिएको थापाले बताए ।

एञ्जल बसका चालक जवाहिर महतो थिए । बसका मालिक राजेन्द्र केसी हुन् । सहचालक नाम नखुलेका चौधरी थरका युवक थिए । वीरगञ्जका प्रकाशसहित दुई जना, अरविन्द दुवे, हरिन्द्र पण्डित, बाराको मुसर्हवाका प्रमानन्दजी, पर्साको रंगपुरका हृदयनारायण राउतसहित तीन जना, पर्साकै रघुनाथपुरका सलिममियासहित दुई जना, पर्साको पूर्वारी कटियाका रैजम आलमसहित दुई जना र पर्साकै रामनगरीका कुलदिपसहित दुई जना पनि बेपत्ता छन् । उक्त बसमा सवार भारतीय नागरिकहरू अन्सारीसहित दुई जना, सन्तोष ठाकुर, सुरेन्द्र साह, आदित मियाँ, नाम सुनिल तर थर नखुलेका व्यक्ति, सहनवाज आलम बेपत्ता छन् ।

गणपति डिलक्समा सवार थर र ठेगाना नखुलेका नन्दसहित पाँच जना, अमृतासहित थर र ठेगाना नखुलेका दुई जना, हरिशचन्द्रसहित थर र ठेगाना नखुलेका दुई जना, शम्भु र नवीनसहित थर ठेगाना नखुलेका चार जना, ठेगाना नखुलेकाहरू राजु पटेल, नन्दन दास, प्रिन्स जैसवाल, सिकेन्द्र, राजकिशोर, नामथर नखुलेका जोरपाटी काउन्टरबाट चढेका पाँच जना, थर र ठेगाना नखुलेका शैलेन्द्र, ठेगाना नखुलेका फिरोज र राहुप मियाँ, बसधनी राकेश जैसवाल, नामथर नखुलेका सहचालक र किशोरकुमार चौधरी चालक पनि बेपत्ता छन् ।

■■■

## नयाँ प्रधानमन्त्री...

सभापति शेरबहादुर देउवा पत्नी डा. आरजु राणा देउवालाई परराष्ट्रमन्त्री बनाउने तयारी छ । यस्तै, एमालेबाट उपप्रधानमन्त्रीकोसमेत जिम्मेवारी दिएर उपाध्यक्ष विष्णु पौडेललाई अर्थ मन्त्रालयको जिम्मेवारी दिने तयारी रहेको छ । सूचना तथा सञ्चार मन्त्रालयमा योगेश भट्टराईको नाम चर्चामा छ । गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्रीसमेत रहेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङ पनि मन्त्री बन्ने सम्भावना छ ।

अन्य मन्त्रीका लागि नाम छनोटबारे देउवा र ओलीले छलफल गरिरहेका छन् । दुवै दलले मन्त्रीका लागि मापदण्ड बनाएका छन् । एमालेले परिणाम निकाल्न सक्ने, विगतमा कम अवसर पाएका युवा र भूगोल र समुदायको प्रतिनिधित्व गर्नेलाई मन्त्री बनाउने मापदण्ड बनएको छ । कांग्रेसले प्रादेशिक सन्तुलन, योगदान र समावेशितालाई मन्त्री छनोटको आधार बनाएको पार्टी प्रवक्ता डा. प्रकाशशरण महतले बताए ।

■■■

## १०० जना...

कोटा तोकेर यति नै पठाउनुपर्छ भनेर सरकारले जवरजस्ती गर्नु न्यायोचित नहुने अर्का व्यवसायीले बताए । 'जसले जति सक्छ, त्यति पठाउने हो,' उनले भने, 'कुरा बुझ्ने सरकार भएन, यसमा व्यवसायीहरूको पनि एकरूपता छैन, सशक्त अवाज उठाउन नसकेकै कारण यस्तो समस्या आएको हो ।' अघिल्लो वर्ष कोटा पुऱ्याउन नसक्दा आफूले पनि अनावश्यक मानसिक तनाव खेप्नुपरेको उनले बताए । 'अहिले व्यवसायी साथीहरूको तनाव देख्दा त्यो फ्ल्यासब्याकमा पुग्छु,' उनले भने ।

सय जना कामदार पठाउनैपर्ने राज्यको नियम अव्यावहारिक र न्यायोचित नभएको भन्दै केही नेपाल ऐन संशोधनमार्फत परिमार्जनका लागि संसद्मा प्रस्ताव गरिए पनि अहिलेसम्म कुनै निर्णय भएको छैन । कानुन संशोधन भएर नआउँदासम्म सरकारले बाधा अड्काउ फुकाउमार्फत म्यानपावरहरूको नवीकरण गराइदिनुपर्ने व्यवसायीहरूको भनाइ छ ।

सरकारले व्यवसायीहरूको पक्षमा केही निर्णय लिनसक्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए । उनका अनुसार अप्ठ्यारो परिस्थितिमा पनि सरकारले व्यवसायीहरूको माग सम्बोधन गर्दै अघिल्ला आर्थिक वर्षहरूमा म्यानपावर कम्पनीहरूको नवीकरण गरिदिएको थियो । 'हामी कानुन नै संशोधन गर्ने प्रक्रियामा छौं,' उनले भने, संशोधित कानुन नआएसम्म पुरानै नियम लागू हुने भएकाले बाधा अड्काउ फुकाउमार्फत नवीकरण हुने व्यवस्था मिलाउन संघले पहल गरिरहेको छ ।'

सय जना कामदार विदेश पठाउनैपर्ने व्यवस्था २०७५ सालमा तत्कालीन श्रममन्त्री गोकर्ण विष्टको पालामा भएको थियो । त्यसयता प्रत्येक आर्थिक वर्ष १०० जना कामदार पठाउन नसक्ने म्यानपावर कम्पनी र व्यवसायीहरूले तनाव खेप्दै आएका छन् । यद्यपि व्यवसायीहरूले विभिन्न कठिनाइ र अड्चन देखाउँदै १०० जना नपठाए पनि अन्तिम समयतिर म्यानपावरको नवीकरण गराउँदै आएका छन् । विश्वासको मत गुमाएपछि दाहाल नेतृत्वको सरकार कामचलाउ भइसकेको छ । र, आज एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बन्दै छ । सम्भवतः आजै नयाँ श्रममन्त्रीसमेत बन्ने सम्भावना देखिन्छ । नयाँ श्रममन्त्रीले यो विषयलाई कसरी लिन्छ, त्यसैको पर्खाइमा व्यवसायी देखिन्छन् ।

■■■

## नेवाः समाजको...

जसले म्यानपावरहरूको नवीकरण रोक्ने, खारेज गर्ने अधिकार राख्छ उसैले इजाजत दिने र नवीकरण गर्न सक्ने भन्दै श्रेष्ठले वैदेशिक रोजगार विभागले नै व्यवसायीहरूको सबै समस्या हल गर्न सक्ने बताए ।

समाजका अध्यक्ष किसन प्रधानले व्यवसाय र व्यवसायीको हितका लागि संस्थाले काम गरिरहेको बताउँदै वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका समस्या समाधानका लागि सबै व्यवसायीको एकता आवश्यक रहेको बताए । 'नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाज विशेषतः सामाजिक अभियान सञ्चालन गर्ने उद्देश्यले स्थापना गरिएको हो,' उनले भने, 'मर्दा पर्दा आफ्नै समुदायको मान्छे चाहिन्छ, व्यवसाय गरिरहेका छौं, कुनै व्यवसायीलाई केही परिहाल्यो भने समाजमा भएका व्यवसायी नै उपस्थित हुन सक्ने वातावरण बनाउन नेवाः समाजले काम गरिरहेको छ ।'

वैदेशिक रोजगारीको क्षेत्रमा भएका समस्या समाधानका लागि पनि संघसँग समन्वय गर्ने, सुझाव दिने कार्य पनि भइरहेको प्रधानले बताए । सधारणसभाकै क्रममा नेवाः समाजले ब्लड क्यान्सरपीडित पदमकुमारी मगरलाई उपचारार्थ २५ हजार रूपैयाँ सहयोग प्रदान गरेको छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार ३० गते २०८१, आइतबार

| | |
|---|---|
| **मेष** | कमजोरी र थकानले काममा मन नलाग्न सक्छ । |
| **वृष** | आफ्नो कामकुराका निमित्त समय दिन खोजिनेछ । |
| **मिथुन** | समयअनुसारका काममा ध्यान दिनुपर्ने बेला छ । |
| **कर्कट** | नयाँ रोजगारीको सम्भावना छ । |
| **सिंह** | दैनन्दिन काममा सक्रिय हुन खोजिनेछ । |
| **कन्या** | सहजता विचार्दै आफूलाई अघि सारिनेछ । |
| **तुला** | कुनै-कुनै कुरामा सम्झौता गर्नुपर्ने हुन्छ । |
| **वृश्चिक** | काम कसरी सहज हुन्छ आफैंले विचार गर्नुपर्नेविभिन्न |
| **धनु** | व्यक्तित्वसित चिनजान गर्ने मौका मिल्नेछ । |
| **मकर** | विभिन्न माध्यमबाट अपेक्षित सहयोग पाइनेछ । |
| **कुम्भ** | परिस्थिति विचार्दै अघि बढ्नु उचित हुनेछ । |
| **मीन** | सुझबुझले काम सल्टाउनु उचित हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ३० गते, २०८१, १४ जुलाई, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.२४ | १३३.८४ |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७१ | १६९.४७ |
| स्विस फ्रैन्क | १ को | १४९.१७ | १४९.८४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५४ | ८८.९४ |
| क्यानाडियन डलर | १ को | ९७.४० | ९७.८४ |
| सिँगापुर डलर | १ को | ९८.४७ | ९८.९१ |
| जापानी येन | १० को | ८.३५ | ८.३९ |
| चिनियाँ युआन | १ को | १८.३५ | १८.४४ |
| साउदी अरब रियाल | १ को | ३५.५२ | ३५.६८ |
| कतारी रियाल | १ को | ३६.५५ | ३६.७१ |
| थाई भाट | १ को | ३.६३ | ३.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२८ | ३६.४४ |
| मलेसियन रिङेट | १ को | २८.२८ | २८.४१ |
| दक्षिण कोरियन वन | १०० को | ९.६० | ९.६४ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१४ |
| कुवेती दिनार | १ को | ४३४.४२ | ४३६.३७ |
| बहराइन दिनार | १ को | ३५३.४५ | ३५५.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।



**धानखेती बगरमा परिणत** | गत सोमबार आएको बाढीले कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-१० कुतियाकबरमा महाकाली नदीले बगाएर ल्याएको माटो भरिएर धानखेती बगरमा परिणत ।
*तस्बिरः गोकुल जोशी/रासस*

# खेतीमा रमाउँदै वनकरिया समुदाय

■ अञ्जली थापा

**हेटौंडा–** यहाँको मनहरि गाउँपालिका-४ मुसेधापकी सन्तमाया वनकरिया बिहान उठेर भैंसी दुहुने र घाँस कुँडो गरिसकेपछि बाख्रा चराउन लैजान्छिन् । १८ वर्ष अघिसम्म वन केराको पातले छाएको झुपडीभित्र कन्दमूल खाएर जीवन निर्वाह गरेको ती दिन उनले बिर्सेकी छैनन् । तर, उनी अहिलेको जीवनमा रमाइरहेकी छन् ।

खेती गर्ने र अन्न भित्र्याएर भात खाने सपनासमेत नदेखेका उक्त समुदाय अहिले रोपाइँको चटारोमा छन् । कहिले खनिउँ, निगुरो र माछा मारेर जीविका चलाएको सन्तमायाले सुत्केरी हुँदा पनि कन्दमूलको भरमा बाँच्नुपरेको स्मरण गरिन् । विगत सम्झँदै उनी भन्छिन्, 'हामीले चामलको भात खान पाएको १८ वर्षमात्र भयो, त्योभन्दा अगाडि त वनमा जे भेटचो त्यही खायो, खेतबारी नि थिएन किसानी गर्न जानिएको पनि थिएन ।' मान्छे देख्दा डरले भाग्ने आफूहरू अहिले बस्तीमा बस्ने र खेतीपाती गर्ने भएको सम्झिँदा उनी आफैं छक्क पर्छिन् । 'योभन्दा स्वर्ग अरू हुन्न,' उनले भनिन् । हाल बिताइरहेको जीवनशैलीबाट आफूहरू सन्तुष्ट रहेको उनको भनाइ छ ।

वनकरिया समुदायको मुखियासमेत रहेकी उनलाई आफ्नो जवानीका दिनहरू जंगलमा जंगली मान्छेजस्तो भएर बिताउन बाध्य भएको सम्झना आउने गर्छ । सरकारले आफूहरूलाई खोजेर बस्तीमा राख्दासम्म सामाजिक जीवनको बारेमा जानकारी नभएको बताउने सन्तमाया अहिले सुखदुःखका कथा अरूलाई सुनाएर जीवन बाँच्न प्रेरणा दिने गर्छिन् । तर, उनलाई दुःख लाग्ने कुरा हालसम्म आफू बसेको जग्गाको स्वामित्व नपाउनु रहेको छ । अठार वर्षदेखि खनीखोस्री गरेको जमिनमा पसिनासँगै जीवन जोडिएको उनी बताउँछिन् ।



समुदायमा आउनु अगाडि जंगली कन्दमूलको सहारामा जीवन बिताउने वनकरिया समुदाय पछिल्ला वर्षहरूमा क्रमशः परिवर्तन हुँदै गएका छन् । आधुनिक जीवनोपयोगी सीपसँग टाढा रहेका वनकरिया समुदाय हाल कृषि र उद्यममा आत्मनिर्भर बन्ने प्रयासमा छन् । वनकरिया समुदायको गोठमा भैंसी, बाख्रा, कुखुरालगायतको पशुपन्छी छन् भने उनीहरूले दूध, दही, घिउ, कुखुरा र खसी बेच्नुको साथै प्राचीनकालदेखि गर्दै आएको माछा मार्ने कामलाई निरन्तरता दिइरहेका छन् ।

सोही बस्तीकी सुन्तली वनकरियाले खेतीपातीबाट छ महिनाभन्दा बढी खान पुग्ने र बाँकी समय सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ताले सहज बनाएको बताउँछिन् । उनका अनुसार यीबाहेक समुदायको महिला मिलेर साबुन बनाउने काम थालेका छन् । त्यसले पनि आम्दानी हुन थालेको उनले बताइन् । सरकारले प्रतिव्यक्ति मासिक चार हजार रूपैयाँ सामाजिक सुरक्षाभत्ता उपलब्ध गराउँदै आएको छ । वनमा बस्दा खेतीपातीमा मजदुरीको काम पाउनसमेत गाह्रो हुने गरेकामा अहिले खेती गर्न पाउँदा खुसी लागेको उनी बताउँछिन् ।

वनकरिया समुदायबाट पाँच किशोरी र एक किशोरले एसइई परीक्षा उत्तीर्ण गरिसकेका छन् । दुई जना किशोरी प्राविधिक क्षेत्रमा लागेका छन् । वनकरिया समुदायबाट पहिलोपटक एसएलसी परीक्षा वि.सं. २०७२ मा उत्तीर्ण गरेकी पम्फा वनकरिया 'ल्याब असिस्टेन्ट टेक्निसियन' विषय अध्ययन गरी हाल मनहरीको रजैयामा ल्याब असिस्टेन्ट पदमा काम गरिरहेको मुखिया सन्तमायाले जानकारी दिइन् ।

त्यसैगरी दुई जनाले हाल हेटौंडामा रहेर पत्रकारिता अध्ययन गरिरहेका छन् । मातृसत्तात्मक समाज रहेको यस समुदाय हाल परिवर्तनउन्मुख देखिएको छ । 'वनकरिया' नेपालको सबैभन्दा थोरै जनसंख्या भएको आदिवासी जनजातिमध्येको एक जाति हो । उनीहरूको संख्या दैलेखमा फिरन्ते जीवन गुजारिरहेका राउटेको भन्दा कम छ । मकवानपुरको मनहरि गाउँपालिका-४ मसिने नजिक मुसेधापमा बसोबास गर्ने यो समुदाय लोपोन्मुख जाति हो । हाल यहाँ २२ घरधुरीमा ९२ जना वनकरिया बसोबास गर्छन् ।

लोपोन्मुख जाति वनकरियाको बसोबास रहेको यो मुलुककै एकमात्र गाउँपालिका र एकमात्र वडा हो । यहाँका वनकरियाले आफ्नो राष्ट्रिय परिचयपत्र बनाउनुका साथै दुई पटकसम्म चुनावमा भोट हाल्नसमेत पाएका छन् । तर, २० वर्षको सम्झौता गरेर सरकारले बस्तीमा राखेका उनीहरू बसेको १८ वर्ष बित्दासमेत स्थायीरूपमा बसोबास गर्ने जग्गाको स्वामित्व नपाएकामा उनीहरूको गुनासो छ । *रासस*

# माथिल्लो मनाङमा यार्तुङको रौनक

**मनाङ–** हिमाली जिल्ला मनाङमा यार्तुङ अर्थात् घोडेजात्रा पर्व सुरु भएको छ । वर्षाका बेला पर्ने यस पर्वमा घोडा कुदाउने गरिन्छ । यो पर्व विशेषगरी खेतीपातीको उत्पादन राम्रो होस् तथा खेतीबाली लगाइसकेपछि थकान मेटाउन यार्तुङको परम्परागत मनाउने गरिन्छ ।

माथिल्लो मनाङको मनाङ गाउँ, खाङ्सार, पिसाङ, भ्राका, हुम्डे र सदरमुकाम चामेमा यार्तुङ पर्व मनाइन्छ । माथिल्लो मनाङमा चार दिनसम्म मनाउने गरिएकामा यार्तुङ विभिन्न प्रतियोगितात्मक कार्यक्रमसहित छ दिन मनाइने भएको छ । टंकी, मनाङ समाज र डिस्याङ युवा क्लबको आयोजना तथा नेपाल प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, टंकी मनाङ पर्यटन व्यवस्थापन उपसमितिको आयोजनामा यार्तुङ मनाउने तयारी गरिएको छ ।

विशेषगरी लामाले नाचेर यो पर्व मनाउने गरिन्छ । बसाइसराइका कारण माथिल्लो मनाङमा मात्रै यार्तुङ मनाउने गरिएको छ । यो पर्व पाँच दिन मनाउने चलन छ । यस पर्वलाई उत्साहपूर्वक मनाउने चलन रहेको स्थानीय बताउँछन् । घोडाजात्रा हो, मनाङ डिस्याङ सबैले खेती रोपिसकेपछि मनाउने गर्छन्, पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले भने, 'घोडालाई भगवानको रूपमा नै पुजिन्छ, गाउँमा पहिला घोडा पालिन्थ्यो, खेतीपाती लगाउने याम सकिएपछि फुर्सदको बेला घोडालाई संयुक्तरूपमा पुजिने गरिन्छ ।'

वर्षायाममा रोग व्याधिबाट जोगाउनु नै यार्तुङ पर्वको महत्त्व तथा विशेषता मानिने गुरुङले बताए । यो पर्व मनाउने चलनले यहाँ आउने पर्यटकलाई समेत आकर्षण गर्ने गरेको उनले बताए । यार्तुङ पर्वको माध्यमबाट मनाङको परम्परागत धार्मिक आस्था जोगाउन टेवा पुगेको स्थानीय बताउँछन् । यार्तुङको माध्यमबाट एकापसमा सामाजिक सद्भाव बढ्ने गुरुङ बताउँछन् । मनाङ गाउँबाट मनाउन थालेपछि मात्रै अन्य ठाउँमा यार्तुङ मनाउने चलन छ ।

मनाङ डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेले रोगव्याधि नलागोस् भनेर जिजुबाजेले मनाउँदै आएको परम्परागत धार्मिक विश्वासलाई निरन्तरता दिएको जानकारी दिए । उनले भने, 'पहिलाको तुलनामा यार्तुङमा युवाको सहभागिता कम हुँदै गएको छ, तर पनि निरन्तरता भने दिइरहेका छौं ।'



यार्तुङ पर्वप्रति पर्यटकको आकर्षण बढ्दो छ । त्यसैले यार्तुङ पर्व संरक्षण तथा निरन्तरता दिनुपर्ने पर्यटन व्यवसायी गुरुङले बताए । उनले भने, 'मनाङका वेशभूषा, संस्कृति, संस्कार र परम्परालाई संरक्षण गर्नु हाम्रो कर्तव्य हो, हाम्रो संस्कृतिको माध्यमबाट पर्यटकलाई आकर्षण गर्न थप ऊर्जा मिल्छ ।' यहाँको संस्कृति अध्ययन तथा प्रवर्द्धनमा यहीका स्थानीयको दायित्व भएको उनको बुझाइ छ ।

बर्सेनि मनाङमा घोडा घट्दै गएको स्थानीयको भनाइ छ । विगतको तुलनामा यस पर्वमा घोडा कम भएको उनले बताए । 'पहिले घर-घरमा दुई/तीन घोडा पालिन्थ्यो, हरेक सामान ढुवानी तथा यातायातमा घोडाको प्रयोग गरिन्थ्यो, अहिले सवारीसाधन आएपछि घोडाको स्थान लियो,' उनले भने ।

सडक नपुगेको अझै पनि घोडा नै प्रमुख यातायात तथा सामान ढुवानीको साधन हो । जिल्लाको नार्पाभूमिमा सडक पुगेको छैन । सडक पुगेका स्थानमा घोडा पाल्न छाडिएको छ । समुद्री सतहबाट चार हजार ९१९ मिटर उचाइमा रहेको तिलिचो ताल, जोखिमयुक्त पदमार्गको रूपमा रहेको अन्नपूर्ण पदमार्गअन्तर्गतको (४५१६ मिटर) थोराङ्ला भञ्ज्याङ जान चाहने पर्यटकलाई पुऱ्याउन घोडाको नै प्रयोग गरिन्छ । हिँड्न नसक्ने यात्रु तथा पर्यटकलाई घोडाको माध्यमबाट तिलिचो ताल, थोराङ्ला भञ्ज्याङसम्म पुऱ्याउने गरिएको छ ।

हालसम्म पनि सडक सञ्जाल नपुगेको नार्पाभूमि गाउँपालिकाका स्थानीयले मुख्य सवारीसाधन घोडा नै हो । सामग्री ढुवानी तथा आवतजावतका लागि स्थानीयले घोडाको प्रयोग गर्ने गर्छन् । यहाँका स्थानीयले खाद्यान्न, घाँस, दाउरा, लेकबाट जडीबुटी संकलन, औषधि ढुवानी, बिरामीलाई अस्पताल लैजानसमेत घोडाको प्रयोग गर्दै आएको नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कुन्जो तेञ्जिङ लामाले बताए ।

यहाँ स्थानीय मुख्य सवारीसाधन नै घोडा हो । सडक पुगेको क्षेत्रमा घोडा पाल्ने चलन घट्दै गए पनि सडक सञ्जालले छुन नसकेका स्थानमा पुग्न घोडाको नै सहयोग चाहिन्छ । नार्पाभूमिवासी बिरामी परेमा वा सामग्री ढुवानी गर्नुपर्ने भएमा घोडाको प्रयोग गर्ने गर्दछन् । जोखिम बिरामी भएमा यहाँका स्थानीयलाई उपचारको पहुँचमा पुऱ्याउन हेलिकप्टर चार्टड गर्नुपर्ने हुन्छ भने सामान्य उपचारको पहुँचमा पुऱ्याउन घोडा प्रयोग गरिन्छ । अन्य जिल्लामा धान रोपाइँको चटारो परेको अवस्थामा मनाङमा धानखेती हुँदैन । यहाँ आलु, फापर, जौ, कोलो बोडी, करुलगायतका बाली लगाइन्छ । *रासस*

# सही सूचना नपाउँदा प्रवेश परीक्षाबाट वञ्चित भए विद्यार्थी

**काठमाडौँ–** माइतीघरस्थित सेन्ट जेभियर्स कलेजले दुईवटा सूचना प्रकाशित गरेपछि कक्षा ११ को प्रवेश परीक्षाबाट केही विद्यार्थी वञ्चित भएका छन् । कलेजको सुरुमा प्रकाशित गरेको सूचनाका आधारमा विद्यार्थीहरू शनिबार बिहान ७:१५ बजे कलेज परिसर पुगेका थिए । तर कलेजले उक्त परीक्षा शुक्रबार नै सम्पन्न भइसकेको जानकारी गराएको थियो ।

कञ्चनपुरबाट प्रवेश परीक्षा दिन आएका आर्थिक रानाका पिता कृपाराम रानाले भने, 'प्रवेश परीक्षा लिन भनेर हामीसँग १५० रूपैयाँका दरले रकम उठाइएको थियो तर अहिले आएर परीक्षा दिनबाट वञ्चित गराइयो ।' विद्यार्थी प्रियंका ओझाका पिता विपिन ओझाले पनि उक्त कलेजको लापरबाहीका कारण आफूहरूले दुःख पाएको गुनासो गरे ।

कलेजले कक्षा ११ मा भर्नाका लागि विभिन्न १० स्थानका लागि आवेदन मागेकामा करिब साढे दुई लाख विद्यार्थीले फाराम भरेका थिए । कलेजले सुरुको सूचनामा पाँच स्थानमा शुक्रबार र पाँच स्थानमा शनिबार परीक्षा सञ्चालन हुने उल्लेख गरेको थियो । तर पछि तालिका परिवर्तन गरेकाले शनिबारका लागि तयारी गरेका विद्यार्थी परीक्षा दिनबाट वञ्चित भएका हुन् ।

दार्चुलाका विद्यार्थी रश्मी साउदले काठमाडौं आएर पनि परीक्षा दिन नपाउँदा दुःख लागेको बताइन् । कलेजका प्रिन्सिपल फादर डा अगुस्टिन थोमस एसजेसँग प्रतिक्रिया लिन खोज्दा सम्पर्क हुन सकेन । *रासस*

# पशुपति क्षेत्रमा गंगामाई रथयात्रा

**काठमाडौं (प्रस)–** पशुपति क्षेत्रमा प्रत्येक वर्ष आषाढ शुक्ल सप्तमी अर्थात् अचला सप्तमीका दिन गरिने गंगामाई रथयात्रा सम्पन्न भएको छ । यहाँ जलकी अधिष्ठात्री देवी गंगामाईको दिव्य रथयात्रा गर्ने परम्परा छ । पशुपतिनाथ मन्दिर तथा पाशुपत क्षेत्रमा गंगाको दिव्य रथयात्रा तथा विशेष अर्चना गरेपछि पानी पर्ने एवं खडेरी नहुने विश्वास गरिन्छ ।

यस जात्रामा राज्यबाट हर्षबढाइँका लागि गुरूज्यूको पल्टनले सलामीसमेत प्रदान गर्ने परम्परा छ । पशुपति क्षेत्र विकास कोषले गंगामाई जात्राको प्रतीकका रूपमा यसलाई निरन्तरता दिँदै आएको छ । पाशुपत क्षेत्र शाक्त सम्प्रदायकोसमेत उपासनास्थल हो । यसैले पनि गंगामाई रथयात्राको विशेष महत्त्व छ ।

पशुपतिनाथ मन्दिरको गर्भगृहमा रहेको माता गंगाको अष्टधातुको मूर्तिलाई रथारोहण गराई पाशुपत क्षेत्रको देवमार्गमा परिक्रमा गराइन्छ । शनिबार अपराह्न पशुपतिनाथको बज्रघरबाट रथयात्रा सुरु भएको कोषबाट जात्रा पर्व हेर्ने कर्मचारी वरुण खतिवडाले जानकारी दिए । जात्रा शनिबार नै सम्पन्न भएको छ ।


## सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་ཞོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྲིད་ཁྲུབ་ལྷན་ཁང་།

### नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

### सोलुदुधकुण्ड नगरपालिकाको बेलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०३/३०)

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यहरु विद्युतीय बेलपत्रको माध्यमबाट सम्पन्न गराउनु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक फर्महरूबाट रितपूर्वकको बेलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| बेलपत्र नं. | विवरण | विडवण्ड वापतको रकम | बेलपत्र दस्तुर | बेलपत्र खरीद गर्ने अन्तिम मिति र समय | बेलपत्र दाखिला गर्ने अन्तिम मिति | बेलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|
| 11-NCB-SDM-WORKS-2080/81 | सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन निर्माण | २२,८२,०००।- | १०,०००।- | सूचना प्रकाशित मितिले ३१औं दिनको दिउँसाको १२;०० सम्म | ३१औं दिनको ठीक १२:०० बजेसम्म । | ३१औं दिनको दिउँसो २:०० बजे |

- बेलपत्र साथ व्यवसाय दर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत र आ.व. ०७९/०८० को कर चुक्तापत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । उक्त आ.व.को कर चुक्ता नभए म्याद थप भएको प्रमाण सलग्न गर्नु पर्नेछ ।
- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 yearsM 9,12,00,000
- Minimum Work experience of similar size and natureM 5,47,00,000
- बैंक जमानत वापतको रकम श्री राष्ट्रिय वाणिज्य बैंक सल्लेरी सोलुखुम्बुमा रहेको सोलुदुधकुण्ड नगरपालिकाको धरौटी खाता नं २०२०१००३०३००००५ मा नगद दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको १५० दिनको म्याद भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।
- बोलपत्र खरिदका लागि यस कार्यालयको राजश्व खाता नं. २०२०१००३०१०१०००५ मा राजश्व शिर्षक नं. १४२१९ मा जम्मा गर्नु पर्नेछ ।
- बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट ।
- बेलपत्र सम्बन्धी अन्य विस्तृत कुराहरु वुझ्न परेमा यस कार्यालयको फोन नं ०३८-५२०२६४ मा वा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साइट www.bolpatra.gov.np वा यस कार्यालयको वेभ साइट www.solududhkundamun.gov.np मा हेर्न सकिनेछ ।



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय

### कम्पनी रजिष्ट्रार कार्यालयको हकदावी गर्न आउने बारेको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/३०

यस कार्यालयमा मिति २०७८।०६।२४ मा दर्ता भएको प्रा.लि. नं. २७४७८९ को **एस.एस.यु. इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरी पाँउ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसगँ ऋृण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनुपर्ने दायित्व भए प्रमाण सहित हकदाबीको लागी ३५ दिन भित्र यस कार्यालयमा दाबी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मितिः २०८१/०३/३०**

यस कम्पनीको मिति २०८१/०२/११ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **दि सेन्टर ओभरसिज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **इन्टरनेशनल ट्रेड लिङ्कस् रिक्रुटमेन्ट प्रा.लि.**(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०३/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **इन्टरनेशनल ट्रेड लिङ्कस् रिक्रुटमेन्ट प्रा.लि.** (**प्रा.लि.नं.**२८७२७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मितिः २०८१/०३/३०**

यस कम्पनीको मिति २०८०/१२/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ईरिस हाउजिङ् प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लाओती ग्रुप इन्भेष्टमेन्ट एण्ड व्युलडर्स** प्रा.लि.(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/१२/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लाओती ग्रुप इन्भेष्टमेन्ट एण्ड व्युलडर्स** प्रा.लि. (**प्रा.लि.नं.** ४५२७७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८१/०३/३०)

हरिहर दर्शनधारीको छोरा, विना दर्शनधारीको पति काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वंडा नं १९ बस्ने श्री श्याम कृष्ण दर्शनधारीको मिति २०८०/०९/२० मा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. १२९००६२९२३३००००१मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको पत्नीले यस बैंकको शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय लालदरबारमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय लालदरबार फोन नं. ०१-५३३३०४५

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### खोजी कार्य थप प्रभावकारी बनाऊ

लगातारको वर्षासँगै मुलुकभर प्राकृतिक प्रकोपबाट क्षति हुने क्रम बढेको छ । मनसुनको सुरुआतमै बाढी, पहिरो र डुबानका कारण जनधनको ठूलो क्षति भइसकेको छ । विभिन्न जिल्लामा मानवीय क्षति भएका समाचारहरू दैनिक आइरहेका छन् । यही क्रममा शुक्रबार बिहानै अर्को दुःखद घटना घट्यो । चितवनको सिमलतालमा पहिरो खस्दा दुईवटा बस त्रिशूली नदीमा बेपत्ता हुन पुग्यो । वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल यातायातको बस र काठमाडौंबाट रौतहटको सदरमुकाम जाँदै गरेको ०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स बसलाई पहिरोले बगाएर त्रिशूली नदीमा पुऱ्याएको हो ।

त्रिशूलीमा खसेका दुवै बस आजसम्म फेला परेका छैनन् । शुक्रबारदेखि नै सुरक्षाकर्मीको टोली खोजीमा परिचालित भए पनि बसको टुंगो लागेको छैन । बसमा सवार तीन जनाले हाम फालेर ज्यान बचाउन सफल भएका छन् । बाँकी सबै यात्रु बेपत्ता छन् । यद्यपि, शनिबार तीन जनाको शव भेटिएको छ । गोलाघाटमा राप्ती र नारायणी नदी मिसिने ठाउँनजिकै भेटिएको एउटा शव भारतीय नागरिकको भएको पुष्टि भएको छ । गोलाघाट दुर्घटनास्थलबाट झण्डै ५० किलोमिटर तल पर्छ । अर्को यात्रुको शव नवलपरासी पूर्वको गैंडाकोट-७ मा पर्ने नदी छेउमा फेला परेको हो । उक्त शव १९ वर्षीय रमितकिशोर माझीको भएको उनका बुबाले पुष्टि गरेका छन् । एउटा शवको भने पहिचान हुन सकेको छैन ।

त्रिशूलीमा बेपत्ता बस र यात्रुहरूको शव खोजी कार्यमा नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीको टोली लागिरहेको छ । सेना र सशस्त्रको गोताखोरले सम्भावित स्थानमा नदीभित्रै पसेर खोजी गर्दासमेत भेटिएको छैन । चुम्बक, पानीभित्र प्रयोग गरिने क्यामरा, दूरविनजस्ता प्रविधिको प्रयोग गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको भनाइ छ । तर, यो दुर्घटनाले मुलुकको सुरक्षा निकायलाई अझै साधन र प्रविधिमा सशक्त बनाउनुपर्ने आवश्यकता महसुस गराएको छ । गहिरो नदीमा डुबेका बस पहिचान गर्न आवश्यक स्रोत साधन पर्याप्त नभएको सुरक्षाकर्मीले बाँसको प्रयोग गरेबाटै पुष्टि हुन्छ ।

सरकारले विपद् व्यवस्थापनको तयारी गरेको बताए पनि विभिन्न समयमा हुने ठूला दुर्घटनाहरूमा अभाव खड्किरहेकै हुन्छ । यो पटक पनि यही अभाव खड्किएको छ । यद्यपि, सुरक्षाकर्मीको टोली आफूसँग भएको स्रोत साधनको भरपूर उपयोग गरी खोजी कार्यमा निरन्तर खटिरहेको छ । सुरक्षाकर्मीहरूले आफ्नो ज्यानकै बाजी राखेर गरिरहेको खोजी कार्यलाई प्रशंसा गर्नैपर्छ । तर सरकारले यस्ता उद्धार कार्यलाई थप प्रभावकारी बनाउन तत्काल अग्रसरता लिनुको विकल्प छैन ।

## मननयोग्य


### चाणक्य नीति

विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्त्वहरूको विवेचना गरिएको छ । साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ । सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ ।

'धर्मको गति बुझिनसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् ।

# नेपाली भाषा स्तरीकरणको चासो



■ श्याम रिमाल

> भूगोल अर्थात् माटो मात्रले कुनै जाति, समुदाय, देशका जनता एकाकार हुन सक्दैनन्, तिनका मन र मुटुमा पनि एउटै देशीय रगत बगेको हुनुपर्छ । मानिस सिमानाले एकै देशका जनता भनिन बाध्य पारे पनि हृदयले जोडिन सकेनन् भने आफ्नो भूगोलको अस्तित्व संरक्षण गर्न प्रेरित हुँदैनन् । जसले नेपाल राज्यको अस्तित्व जोगाइदियो, ती पहलकर्ता पृथ्वीनारायण र जसले नेपाली भाषाका माध्यमबाट नेपाल र नेपाली भन्ने भावना जगाइदियो, ती जागरणकर्ता भानुभक्तलाई मान्न, तिनप्रति श्रद्धा व्यक्त गर्न र तिनका गुणगान गाउन किन अप्ठेरो मान्ने, किन धक लाग्ने ?

जलवायु परिवर्तनको व्यापक असर पर्नुअघिसम्म जतिबेला वर्षको तेस्रो महिना असार आउँथ्यो, अनि हामीकहाँ वर्षासँगै साहित्य, लोकसाहित्य, संस्कृतिको वर्षा हुन थाल्थ्यो । अहिले त वर्षा वैशाख, जेठमै अर्थात् असमयमै हुने गरेकाले पानी बर्सने वास्तविक महिना असारको महत्त्व पनि घट्दै गएको हो कि भन्ने भान पर्छ । संस्कृतका महाकवि कालिदासको 'मेघदूत' मा वर्णित महिना पनि यही असार नै हो । जुनबेला यक्षले कुबेरका दरबारमा रहेकी आफ्नी प्रियतमालाई पानी पार्ने बादलमार्फत आफ्नो प्रेमसन्देश पठाएका थिए ।

मनसुनसँगै असारको वर्षाले दिने जल, शीतलता र हरियालीपूर्ण वातावरणले कवि, गीतकार, लोकगीत संगीतकर्मीका हृदयमा काव्यात्मक रस भरिई अनेकथरिका काल्पनिक-यथार्थ साहित्यिक भावना बग्न थाल्छ । वर्षभरि मर्दापर्दा चाहिने धान रोपेर मंसिरसम्म पर्खने नेपाली समुदाय वा जाति असार महिनालाई एउटा पर्वकै रूपमा लिन्छ, अनि मध्यअसार अथवा असार १५ लाई त दहीचिउरा खाएर धान दिवस वा रोपाइँ महोत्सवकै रूपमा मनाउँछ । वि.सं. १८७१ मा यसै महिनाको अन्तिमतिर नेपाली जातिले भविष्यको आदिकविकै रूपमा भानुभक्त आचार्यलाई पायो र आजपर्यन्त उनका स्मृतिमा भाषासाहित्यको चर्चा गरी राष्ट्रिय एकताको प्रवर्द्धनका लागि केही न केही योगदान गरिरहेका छन् ।

असार २९ गते त एक संयोगमात्र न हो, तनहुँ, रम्घाका पण्डित श्रीकृष्ण आचार्य तथा उनका छोरा धनञ्जय आचार्य र बुहारी धर्मावतीका घरमा एक बालक जन्मनुपर्थ्यो, जन्मे, तर सो जन्मदिन ती बालकका हजुरबा, बाआमा तथा परिवार र वंशजका लागिमात्र नभई अहिले विश्वभर नै जहाँ-जहाँ नेपाली जाति र नेपाली भाषाको प्रचारप्रसार भएको छ, त्यहाँ त्यहाँ हर्षोल्लास र गौरवका साथ मनाइन्छ र नेपाली जातीय-राष्ट्रिय एकतामा बल दिइन्छ । आचार्य भाषिक, साहित्यिक, धार्मिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा मात्र नभएर राजनीतिक क्षेत्रमा पनि चर्चाका पात्र बनिसकेका छन् र एकाधबाहेक सर्वत्र उनको गुणगान नै गाइन्छ, कमजोरी उधिनिन्न ।

वाल्मीकिको 'रामायण' लाई मौलिक नेपाली भाषामा गरेको उनको अनुवाद कर्म नै नेपाल र नेपाली जातिका लागि एक युगीन, कालजयी काम हुन गयो । 'भानुभक्तको रामायण' खाली भाषा र साहित्यका लागि मात्र नभई हाम्रो धर्म, संस्कृति, दिनचर्या, राष्ट्रियता, जातीयता, सार्वभौमिकताका लागि अपूर्व र अनुपम कृति भइदियो । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका, बाइसे-चौबिसे राज्य आदिलाई भौगोलिक एकीकरण गरेर अस्तित्वमा जान लागेको नेपाल राज्यको पुनःस्थापना गरी नेपालीको अस्तित्व, गौरव र सानलाई जसरी पुनर्जीवित गरे, आचार्यले भावनात्मक एकता गराइदिएर त्यसमा अझै प्राण भरे, नेपाली नेपालीभित्रको नेपाली राष्ट्रियता-नेपाली जातीयता र नेपालीपनलाई ब्यूँताइदिए । तत्कालीन नेपाल सरकारले दुवै व्यक्तित्वलाई 'राष्ट्रिय विभूति' भनी दिएको उपाधिले न्याय पनि दिएको छ ।

भूगोल अर्थात् माटो मात्रले कुनै जाति, समुदाय, देशका जनता एकाकार हुन सक्दैनन्, तिनका मन र मुटुमा पनि एउटै देशीय रगत बगेको हुनुपर्छ । मानिस सिमानाले एकै देशका जनता भनिन बाध्य पारे पनि हृदयले जोडिन सकेनन् भने आफ्नो भूगोलको अस्तित्व संरक्षण गर्न प्रेरित हुँदैनन् । जसले नेपाल राज्यको अस्तित्व जोगाइदियो, ती पहलकर्ता पृथ्वीनारायण र जसले नेपाली भाषाका माध्यमबाट नेपाल र नेपाली भन्ने भावना जगाइदियो, ती जागरणकर्ता भानुभक्तलाई मान्न, तिनप्रति श्रद्धा व्यक्त गर्न र तिनका गुणगान गाउन किन अप्ठेरो मान्ने, किन धक लाग्ने ?

पृथ्वीनारायणले आफूहरूको भौगोलिक अस्तित्व मेटिदिएको र केन्द्रीकृत राज्य चलाएकाले उनलाई एकाथरिले साम्राज्यवादी-विस्तारवादी तथा निरंकुश राजाको आरोप लगाउनेले के चाहिँ बुझ पचाएरै नबुझेजस्तो गरिरहेका छन् भने, छेवैमा आउनै लागेको मुसलमान र अंग्रेज सेनालाई पराजित नगरेको भए गोरखा राज्यको विस्तारित रूप नेपाल भन्ने राज्य यतिबेला अस्तित्वमै नरहने तथ्य करिब-करिब सतप्रतिशत सत्य हो ।

आपसमा लडाइँ-झगडा गरिरहने छिमेकी राज्यहरूको कमजोरी बुझेका विदेशी विस्तारवादीले ससाना मुलुक सजिलैसित हडप गर्थे र आफ्नो राज्यमा मिलाउँथे । कथं ससाना राज्य बचेकै भए पनि अहिले नजिकैको कुनै भूमि पुग्न अनेक झमेला भोग्नुपर्थ्यो । त्यसैले आफ्नो अस्तित्वकर्ता पृथ्वीनारायणलाई सम्मान र श्रद्धा व्यक्त गर्नु हाम्रो कर्तव्य हो । त्यस्तै जसले आफ्नो भाषा दियो, संस्कृति दियो, पहिचान दियो, तिनै भानुभक्तलाई पनि उत्तिकै नमन गर्नु हाम्रो दायित्व हो ।

'बधूशिक्षा' काव्यमार्फत महिलालाई होच्याउने कवि भनेर एकथरिले उनको उछित्तो काढ्नु पनि त्यसबेलाको राष्ट्रिय परिवेशलाई बुझ्न नसक्नु हो । सामान्य कविता लेखेर वाचन गर्ने कविलाई त हामी वाहवाही गर्छौं भने 'भक्तमाला', 'रामगीता', 'प्रश्नोत्तर' जस्ता काव्य र तत्कालीन प्रशासनिक विकृति आदि उजागर गर्ने फुटकर कविता लेख्ने कविप्रति सम्मान गर्नु त सम्यक नै होला । 'रामायण' भानुभक्तको मौलिक काव्य होइन, तथापि त्यसमा प्रशस्त नेपालीपन, भाषा, शैली छ जसलाई सबै जातजातिका साक्षर नेपालीले लय हालेर पढ्न सके र विश्वको प्रथम खण्डकाव्यमा रहेको विषयवस्तुको रसास्वादन गर्न पाए । साक्षरले पढेका श्लोकलाई निरक्षर नेपालीले पनि सुनेर कान र मनलाई आनन्दमय बनाए, धर्मसंस्कृति चिने । आचार्यभन्दा पहिले पनि नेपालीमा लेख्ने कविहरू भएकाले उनलाई नै किन 'आदिकवि' मान्ने भन्ने बहस पनि नेपाली साहित्यमा छ ।

अरूले काव्यलेखनमा संस्कृत, हिन्दी, उर्दू आदि मिसमास गर्थे भने भानुभक्तले बहुशब्दहरू नेपाली नै प्रयोग गरे अर्थात् त्यसलाई नेपाली शैलीमा चलाखीपूर्ण ढाले । भारतलाई चिनाउने विश्वकवि रवीन्द्रनाथ ठाकुरजस्तै नेपाललाई विश्वभर चिनाउन सक्ने भानुभक्त आचार्य नै हुन् भन्ने तत्कालीन राणाशासकहरूलाई लागेको पनि हुनसक्छ । नेपालका सबै भाषा राष्ट्रिय भाषा भएकाले अब नेपाली भाषालाई मात्र विशेष महत्त्व दिन मिल्दैन ।

नेपालमा बोलिने सबै मातृभाषा राष्ट्र भाषा हुन् । देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको कामकाजको भाषा र नेपालीहरूबीचको सम्पर्क भाषा पनि हो । तथापि संविधानले प्रदेशहरूमा भने बहुसंख्यक बोल्ने एक वा एकभन्दा बढी राष्ट्रभाषा प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा निर्धारण हुनसक्ने जनाएको छ । सोहीअनुरूप बागमती प्रदेश सरकारले कानुन नै ल्याएर तामाङ र नेपाल भाषालाई कामकाजका भाषाका रूपमा निर्धारण गरी यसै साल गत वैशाख २४ गते नेवारी वा नेपाल भाषालाई भव्य उद्घाटनबीच आधिकारिकरूपमा प्रयोगमा ल्याइसकेको छ ।

यसैगरी सबै प्रदेशमा बहुसंख्यकले बोल्ने भाषालाई सरकारी कामकाजका भाषाका रूपमा ल्याउन सके भाषाहरूको स्तरीकरण, प्रवर्द्धन गर्न सहयोग पुग्ने छ । यसरी नै हरेक प्रदेशमा बोलिने लोप हुन लागेका मातृभाषाहरूको संरक्षण र विकासका लागि सम्बन्धित भाषाको कोश, व्याकरण आदि निर्माण प्रक्रियालाई गति दिनसक्नुपर्छ । सञ्चारमाध्यमहरूले पनि आफ्ना सेवामा विविधता दिनका लागि नेपाली र अंग्रेजी भाषाका अतिरिक्त मातृभाषामा पनि समाचार र कार्यक्रम निर्माण गर्नुपर्छ । राज्यको स्वामित्वमा रहेका गोरखापत्र संस्थान, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजनले त्यस दिशामा कदम चालिसकेका छन् र हरेक आर्थिक वर्षमा आफूले प्रवर्द्धन गर्ने मातृभाषाहरू विस्तार गर्दै लगिनुपर्छ । त्यसका लागि संघीय र प्रादेशिक सरकार तथा स्थानीय तहले समन्वय गरी बजेट पनि विनियोजन गर्नुपर्छ । कुनै पनि भाषा मानव सभ्यताकै एक प्रमुख अंग हो जसको जन्म, हुर्काइ र विकासका लागि हजार वर्ष लाग्न सक्छ । त्यसैले हरेक भाषा मर्न नदिन संघ र प्रदेश सरकार तथा स्थानीय तह संयुक्त रूपमा लाग्नुपर्छ । यसमा सम्बन्धित भाषामा काम गरिरहेका संघसंस्थालाई समेटिनुपर्छ । नेपालका सबै भाषाले फल्नफुल्न पाउनुपर्छ, तिनको अस्तित्व जोगाउनुपर्छ र सबैको प्रवर्द्धन पनि हुनु जरुरी छ ।

भानुभक्तका पूर्वज र भानुभक्तले सुरु गरेको नेपाली भाषाको प्रयोगको अवस्था अहिले एकरूपता, स्तरीकरण र मानकीकरणको विवादसम्म आइपुगेको छ । व्यक्तिपिच्छे, संस्थापिच्छे यसको प्रयोगमा अनेकता व्याप्त छ । बालबालिका र विद्यालयदेखि विश्वविद्यालयहरूमा वर्ण र वर्णविन्यास लेखनमा आएको विभिन्नता र विविधताले सबैलाई पिरोलेको छ । भाषाविद्, वैयाकरण र प्रयोक्ताबीच यस सम्बन्धमा अहंसमेत जोडिएर आएको छ । भाषा विवादको कुरा संघीय सरकार र अदालतसम्म पुगेको अवस्था रह्यो ।

सर्वोच्च अदालतले भाषाको प्रयोगमा सरकारी संस्थाहरूले आदेश दिएर दबाब दिने र लाद्न नमिल्ने भनी फैसला नै गर्नुपऱ्यो । अब अदालतको आदेशानुसार सरकारी संघसंस्था भाषा आयोग, नेपाल प्रज्ञा-प्रतिष्ठान, त्रिविलगायत विश्वविद्यालय, साझा प्रकाशन, पाठ्यक्रम विकास केन्द्रलगायतले भाषाको स्तरीकरणका लागि भाषाविद्, वैयाकरण, सञ्चारमाध्यमलगायत प्रयोक्ता आदिको सहभागितामा छलफल, बहस, गोष्ठी, सम्मेलन आयोजना गरेर भाषा, व्याकरण, वर्णविन्यासका सम्बन्धमा एउटा निर्णयमा पुग्नु जरुरी छ ।

यिनको जन्ममिति १८६९ भनिनेदेखि 'भर्जन्म घाँसतिर मन दिई धन कमायो...मो भानुभक्त धनी भैकन आज यस्तो' कवितामा प्रयुक्त 'मो' युवककवि मोतीराम भट्ट, जसले 'भानुभक्तको जीवनी' लेखी प्रकाशनमा ल्याए, को सम्म भनेर विवाद पनि भयो । 'बधूशिक्षा' लाई आधुनिक समालोचकले तल्लोस्तरको भनी टिप्पणी पनि गरे । छोरा रमानाथलाई काठमाडौंबाट लेखिएको चिठीमा उनी निकै क्रूर देखिएका छन् । यी त तपसिलका कुरा हुन् । मूल कुरा उनको योगदानको क्षेत्र र कमजोरीभन्दा गुण नै बढी चर्चा गरी उनले उत्तराधिकारका रूपमा छाडेको नेपाली भाषा र सबै मातृभाषा जोगाउनु हामी सबैको दायित्व हो । आफ्नो पहिचानको भाषाको विद्रुपीकरणले हाम्रो राष्ट्रियतामाथि नै आँच पुग्नसक्ने कुरामा दूरदृष्टि हुनुपर्छ ।

अर्को महत्त्वपूर्ण कुरा भने भानुजन्मस्थल तनहुँ, रम्घा, चुँदीबेँसीलाई नेपाली भाषा र साहित्यको तीर्थस्थलका रूपमा विकास गरिनुपर्छ । तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीका पालामा ल्याइएको भाषा संग्रहालयलाई मूर्तरूप दिन योजना तथा कार्यक्रम बनाइनुपर्छ । अझ महत्त्वपूर्ण त भानुजयन्तीलाई नेपालको राष्ट्रिय भाषा दिवसकै रूपमा मनाएर भाषा, नेपाली भाषा र सबै मातृभाषाको महत्त्वबारे व्यापक चर्चा गरिनुपर्छ ।

*(लेखक राससका नायब महाप्रबन्धक हुन्)*

## पत्र-मञ्जुषा

### अर्थमन्त्रीमा पौडेलको चर्चासँगै सर्वसाधारण फसाउने खेलमा सेयर दलाली

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी जुनै सार्वजनिक कार्यक्रममा पनि वाणिज्य बैंकहरूमा पैसा थुप्रियो भन्ने गरेका छन् । उनको भनाइअनुसार बैंकमा कर्जा माग्न आउने शून्य नै छन् । बैंकर्स संघका अध्यक्ष सुनिल केसी पनि बैंकमा कर्जा लिने र तिर्ने नै घटेको बताउँछन् । बैंकमाथि चौतर्फी प्रहार भएको वा सहकारीकै अवस्थामा पुगेको उनी स्वीकार्छन् ।

यी दुवै व्यक्तित्व नेपालको बैंकिङ क्षेत्रका लागि महत्त्वपूर्ण हुन् । एक सरकारी पदाधिकारी पनि हुन् त अर्को सम्पूर्ण वाणिज्य बैंकहरूको अध्यक्ष । अनि यिनीहरूले नै यस्तो भनेपछि अहिले बैंक डुबिसकेको प्रस्टै हुन्छ । अहिले बैंकमा कर्जा माग्न जाने र ऋण तिर्ने दुवै घटेका छन् । लघुवित्त, फाइनान्सहरूमा पनि यस्तै छ । यता, हाइड्रोपावरहरू पनि घाटामा गएका छन् ।

अहिले बजारमा घरजग्गा, गाडी र सेयरको किनबेच ठप्पै छ । मालपोत र यातायात कार्यालयमा सुनसान छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार ढलिसकेको छ । अब नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुने भएका छन् । उनी नेतृत्वको सरकारमा अर्थमन्त्री विष्णु पौडेल हुने बताइएको छ । पौडेल अर्थमन्त्री हुने चर्चासँगै बजारमा सेयरको मूल्य बढ्ने हल्ला फिजाइएको छ । जबकि राष्ट्र बैंकका गभर्नर अधिकारी र बैंकर्स संघका अध्यक्ष केसीले नै बैंक पनि सहकारीकै अवस्थामा पुगेको स्वीकारिसकेका छन् । बैंक घाटामा गइसकेको छ । डिपोजिटवालालाई ब्याजसमेत दिन नसक्ने अवस्थामा बैंक पुगेको छ ।

कर्मचारीलाई तलब खुवाउन र राज्यलाई कर तिर्नसमेत बैंकलाई धौधौ परेको छ । तर, बजारमा दलालीहरूले अझै पनि सेयरको मूल्य बढ्छ भनेर आमसर्वसाधारणलाई भ्रममा पारेर फसाइरहेका छन् । सेयरको मूल्य बढ्नलाई त बैंक पनि नाफामा हुने पऱ्यो नि ! बैंकमा कर्जा लिनेको भीड हुनुपऱ्यो । घरजग्गा, गाडीको मूल्य बढ्नुपऱ्यो ।

बजार चलायमान हुनुपऱ्यो र हाइड्रोपावर, लघुवित्तहरूले नाफा कमाएपछि पो सेयरको मूल्य बढ्छ त । अहिले अटो व्यवसायीहरू भन्छन्, 'हाम्रो ७० प्रतिशत लगानी डुबिसक्यो ।' उनीहरूको भनाइअनुसार एक लाखमा किनेको गाडी अब बेच्दा ३० हजार आउँछ । अटो व्यवसायीहरू नै नयाँ र पुरानो दुवै सवारीसाधन किन्ने कोही नभएको बताउँछन् । बजारमा अहिले सुनिन्छ कि दुई वर्षअघि तीन करोडमा किनेको घर अहिले ८०/९० लाखमै बेच्छु भन्दासमेत किन्ने मान्छे छैन । काठमाडौं उपत्यकासहित देशभर घरहरू खाली हुँदै गएका छन् । जताततै 'कोठा भाडामा', 'फ्ल्याट खाली', 'टु-लेट', 'सटर भाडामा' लगायत लेखिएका पोस्टरहरू देखिन्छन् । व्यापार व्यवसाय पनि ठप्पै भएको छ ।

व्यापारीहरू मन्दीका कारण व्यवसायबाटै पलायन भएका छन् । मुलुकभर रहेका ३५ हजार २३९ वटा सहकारी संस्थाले करोडौं बचतकर्ताको ३९ खर्ब रकम झ्वाम पारेको छ । बजार यस्तो अवस्थामा पुगिसकेको छ । तर, सेयर दलाली तथा माफियाहरू अझै पनि विष्णु पौडेल अर्थमन्त्री भएसँगै सेयरको मूल्य बढ्छ भन्दै सर्वसाधारण फसाइरहेका छन् ।

हिजो बैंकले सय रूपैयाँ कित्तामा निष्काशन गरेको सेयर ३२ सय रूपैयाँ पुऱ्याउने यिनै दलाली हुन् । अहिले ३२ सय रूपैयाँमा किनेको सेयर सय रूपैयाँमासमेत बिक्री नहुने अवस्था आएको छ । हिजो जग्गा दलालीहरूले रोपनीको १० हजारमा बिक्री नहुने खेतीयोग्य जमिन खण्डीकरण गरेर यसरी नै भ्रम छरी आनाकै लाखदेखि करोडमा बेचिदिए । यस्तै, भारतमा एक लाखमा गाडी किनेर ल्याएर नेपालमा पाँच लाखदेखि २५ करोडसम्ममा बेचियो । दलालीहरूको लहैलहैमा लागेर महँगोमा घरजग्गा, गाडी र सेयर किनेका सर्वसाधारणहरू आज चुर्लुम्मै डुबेका छन् । तीन वर्षअघि काठमाडौंमा एउटा कोठा, सटर वा फ्ल्याट खोज्न छ महिना लाग्थ्यो । त्यत्रो समय खोज्दा पनि नभेटिएपछि दलालीलाई महँगो रकम बुझाएर खोज्नुपर्थ्यो ।

घरधनीहरूले पनि एउटै कोठाको २० हजार रूपैयाँसम्म असुल्थे । एउटा फ्ल्याटको ३० हजारदेखि तीन लाख र एउटा सटरको २० हजारदेखि १८ लाख रूपैयाँसम्म लिइन्थ्यो । खाली सटर त २० लाखदेखि ५० लाखसम्ममा किनबेच हुन्थ्यो । अहिले ती कोठा, सटर र फ्ल्याट सबै खाली भएका छन् । जताततै 'टु-लेट' मात्र देखिन्छन् । सेयरमा ६५ लाख सर्वसाधारणको लगानी छ ।

आज उनीहरूको लगानी डुबेको छ । सेयर लगानीकर्ता सडकछाप अवस्थामा पुगेका छन् । सरकारसँग पैसा छैन । राजस्व उठ्न छोडेको छ । निर्माण व्यवसायी, दुग्ध कृषकहरू आफ्नो भुक्तानीका लागि कहिले आन्दोलन गर्छन् त कहिले पत्रकार सम्मेलन गरेर रुवाबासी । विष्णु पौडेल न कुनै अर्थविद् हुन् न त कुनै व्यापारी । उनी एमालेको नेतामात्रै हुन् । अनि यस्तो व्यक्ति अर्थमन्त्री हुनासाथ बजार चलायमान हुन्छ र मूल्य बढ्छ भन्ने भ्रममा नपरौं ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online




**बाढीले कटान गरेको सडक** | म्याग्दीको रघुगंगा गाउँपालिका–३ राहुघाटमा रघुगंगा नदीमा आएको बाढीले तटबन्ध बगाएपछि गरेको कटान । तटबन्ध बगाएर कटान गरेपछि राहुघाटमा बेनी–जोमसोम सडक अवरुद्ध भएको छ । *तस्बिरः सन्तोष गौतम/रासस*

# एक वर्षमा सर्पको टोकाइबाट १० जनाको मृत्यु

**घोराही (दाङ)–** यही असार १२ गते दिउँसो घर नजिकै बारीमा घाँस काट्दै गरेका तुलसीपुर उपमहानगरपालिका–१९ बाँसगढीका ५५ वर्षीय पारु चौधरीलाई सर्पले डस्यो । बायाँ हातमा सर्पले डसेका चौधरीलाई परिवारका सदस्य अस्पताल पुर्‍याउनुको साटो झारफुकतिर लागे । बिरामीको अवस्था नाजुक बन्न थाल्यो त्यसपछि मात्रै चौधरीलाई अस्पताल लैजाने तरखर भयो । जतिबेला समय निकै टरिसकेको थियो । बेलुका ८ बजे घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्‍याएलगत्तै चिकित्सकले मृत घोषणा गरे ।

तुलसीपुर–२ भमकेका ११ वर्षीय बालक घनश्याम पाठकलाई घरको कोठामा सुतिरहेको अवस्थामा असार ६ गते राति सर्पले टोक्यो । सर्पले टोक्नेबित्तिकै घनश्यामले हजुरआमालाई जानकारी गराए । घरभित्र कसरी सर्प आयो होला भनेर हजुरआमालाई विश्वास लागेन । त्यसपछि बत्ती बालेर ओढिराखेको कम्बल फाल्दा सर्प बालकको कम्मरमा बेरिएको थियो । तत्काल उनलाई मोटरसाइकलमा चढाएर राप्ती प्रादेशिक अस्पताल तुलसीपुर पुर्‍याइयो ।

प्रादेशिक अस्पतालमा खटिएका स्वास्थ्यकर्मीले उनलाई सर्पले टोकेको ठाउँ पत्ता लगाउन सकेनन् र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा रिफर गरियो । आठ वर्षअघि सर्पकै टोकाइबाट आमा गुमाएका घनश्यामलाई उपचारका क्रममा यही असार ७ गते साँझ ८ बजे डाक्टरले



उनलाई बचाउन नसकिने खबर सुनाए । यी प्रतिनिधिमूलक घटनामात्रै हुन् । जिल्ला प्रहरी कार्यालयका अनुसार दाङमा आर्थिक वर्ष २०७८/७९ मा नौ र २०७९/८० मा छ जनाको मृत्यु भएको छ । दाङमा चालु आर्थिक वर्षको हालसम्म १० जनाको मृत्यु भइसकेको छ भने १७८ जना सर्पदंशमा परेको जिल्ला प्रहरी कार्यालयको तथ्यांकले देखाउँछ ।

जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र दाङका खरिदार शम्भु आचार्यले सर्पदंशमा परेका बिरामीले घरपरिवार र समाजमा विद्यमान अन्धविश्वासमा परेर झारफुक वा चुसेर विष निकाल्नेजस्ता काममा समय व्यतीत हुँदा ज्यान गुमाउने गरेको बताए । समयमै अस्पताल पुगिसकेका बिरामीले पनि ज्यान गुमाउनुमा स्वास्थ्यकर्मीकै लापरवाही भएका बिरामीका आफन्त गुनासो गर्छन् । सर्प नचिन्दा र अस्पताल ढिलो आउने गरेका कारण कतिपय व्यक्तिहरूको सर्पदंशबाट ज्यान जाने गरेको चिकित्सकहरू बताउँछन् । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका सर्पदंशका राष्ट्रिय प्रशिक्षक उमाकान्त तिवारी सर्पले टोकी हाल्यो भने तत्काल अस्पताल पुग्न आग्रह गर्छन् ।

पछिल्लो समय एक अस्पतालबाट अर्को अस्पतालमा रिफर गर्ने भएको हुँदा पनि कतिपयले अकालमै ज्यान गुमाउने गरेको उनले बताए । सर्पले टोकिसकेपछि तत्कालै सर्पको पहिचान गरी अस्पताल पुग्दा अकाल मृत्युको मुखबाट बच्न सकिने उनी बताउँछन् ।

अस्पताल जानुको साटो झारफुकमा विश्वास गर्दा पछिल्लो तीन वर्षमा २५ जनाको मृत्यु भएको छ । सर्पदंशका बिरामी अस्पताल पुगेपछि कुनै पनि बिरामीले ज्यान गुमाउनु पर्दैन भन्ने सरकारी नीति भए पनि जिल्लामा कतिपयले झारफुकमा लाग्दा ज्यान गुमाएका छन् भने कतिपयले सर्पको पहिचान गरी अस्पताल पुग्दा पनि मृत्युवरण गर्नुपरेको छ । *रासस*

# मानव बेचविखनमा दोषी पाँचजनालाई जेल सजाय

**मलेखु (धादिङ)–** १६ वर्षीया किशोरीलाई भारतमा लगेर बेचविखनको प्रयास गर्ने समूहलाई मानव बेचविखन तथा ओसारपसार र संगठित अपराधको कसुरमा जेल सजाय तोकिएको छ । दुई छुट्टाछुट्टै मुद्दामा आठ जनामध्ये तीन जनालाई सफाइ दिएको र पाँच जनालाई कसुर कायम गर्दै कैद, जरिवाना र पीडितलाई क्षतिपूर्ति दिने धादिङ जिल्ला अदालतका जिल्ला न्यायाधीश गोपालप्रसाद बाँस्तोलाको इजलासले शुक्रबार फैसला गरेको हो ।

फैसलाअनुसार धादिङको त्रिपुरासुन्दरी गाउँपालिका–३ की २९ वर्षीया गीता न्यौपाने, काठमाडौंको कागेश्वरी मनहरा नगरपालिका–६ का ३२ वर्षीया कविता बानियाँ (आचार्य) र सोलुखुम्बु जिल्ला नेचा सल्यान गाउँ पालिका–२ की ३३ वर्षीया कमला परियारलाई एउटा मुद्दामा १८ वर्ष नौ महिना र थप अर्को मुद्दामा १० वर्ष कैद र एक लाख ७५ हजार जरिवाना, पीडितलाई ५० हजार क्षतिपूर्ति दिन फैसलामा उल्लेख भएको जिल्ला अदालतका श्रेस्तेदार माधव भण्डारीले जानकारी दिए ।

अदालतले त्रिपुरासुन्दरी–१ का ३९ वर्षीय कोपिल दमै र त्रिपुरासुन्दरी–३ की ३९ वर्षीया कल्पना आलेमगरलाई जनही १५/१५ वर्ष कैद र एक/एक लाख जरिवाना गर्ने फैसला गरेको छ । मानव बेचविखन अनुसन्धान ब्युरोको पहलमा १६ वर्षीय नेपाली किशोरीको २०७९ पुस २० गते भारतको दिल्लीस्थित मंगलबजार गल्ली नं. २, बापरुल्लाबाट उद्धार गरी एयर इण्डियाको जहाजद्वारा स्वदेश ल्याइएको थियो । मामाघरमा बसेर अध्ययन गर्दै आएकी किशोरी २०७९ मंसिर १५ गतेदेखि घर परिवार आफन्तको सम्पर्कमा नआएपछि उनको खोजतलास लागि प्रहरीलाई लिखित निवेदन दिइएको थियो ।

बालिकालाई तान्त्रिक बाबासँग भेटाइ तान्त्रिक बाबा खुसी भएमा अथाहा पैसा पाउने भनी प्रलोभन देखाएर भारत पुर्‍याएको अनुसन्धानबाट खुलेको छ । मामाघरमा बस्दै आएकी बालिकालाई भारत पुर्‍याउन उनकै नजिकको साथी र महिला संलग्न रहेको खुलेको छ । अभियुक्तहरूले ६० केजी तौल भएको, कम्तीमा उचाइ पाँच फिट चार इन्चभन्दा माथि भएको, शरीरमा कुनै प्रकारको दाग वा टाटु, कुनै अंगमा चोटपटक नभएको र रजस्वला नभएको बालिकाको खोजी हुने क्रममा ती बालिकालाई भेटाएको जनाइएको छ ।

किशोरीलाई २०७९ माघ २२ गते मुख्य तान्त्रिकलाई बुझाउने तयारी भइरहेको अवस्थामा बालिकाको उद्धार गरी स्वदेश ल्याइएको थियो । किशोरीलाई दिल्ली पुर्‍याएपछि घटनामा संलग्न पाँच जना एक महिनाअघि नै नेपाल फर्केका थिए भने एक जना महिलाले किशोरीलाई साथमा राखेर पूजामा बस्न फरक–फरक तीन जना तान्त्रिक बाबासमक्ष भेटाउँदै आएको बताइएको छ । *रासस*

# मुख्यमन्त्री सोडारीलाई राजीनामा दिन आग्रह



**सुदूरपश्चिम (प्रस)–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीलाई पदबाट राजीनामा दिन नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी( एमाले) र नागरिक उन्मुक्ति पार्टीले संयुक्तरूपमा आग्रह गरेका छन् ।

ती दलद्वारा शनिबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा प्रदेशसभामा मुख्यमन्त्री अल्पमतमा परिसकेकाले तत्काल पदबाट राजीनामा दिन ती पार्टीका संसदीय दलका नेताले संयुक्त माग गरेका हुन् । पत्रकार सम्मेलनमा कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहले मुख्यमन्त्रीले तत्काल राजीनामा दिँदा नयाँ सरकार गठन र बजेट ल्याउन सहज हुने बताए । उनले भने, 'अल्पमतमा परिसकेपछि मुख्यमन्त्रीले पद ओगटेर बस्नु उचित हुँदैन ।'

एमाले संसदीय दलका उपनेता सन्तोष थापा शर्मा, नागरिक उन्मुक्ति पार्टीका नेता घनश्याम चौधरीले मुख्यमन्त्रीलाई राजीनामा गर्न आग्रह गरे । संघमा नयाँ सत्तासमीकरण परिवर्तन भएसँगै एमालेले प्रदेशका मुख्यमन्त्री सोडारीलाई दिएको समर्थन यही असार २३ गते फिर्ता लिएको थियो । एमालेले समर्थन फिर्ता लिँदै पार्टीका तर्फबाट सरकारमा सहभागी मन्त्रीलाई फिर्ता बोलाएपछि मुख्यमन्त्री अल्पमतमा परेका हुन् ।

एमाले सरकारबाट बाहिरिएसँगै सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ल्याएको बजेट पारित हुने वा नहुने भन्नेमा अन्योल देखिएको छ । बजेटमाथिको छलफल प्रदेशसभामा अझै सुरु हुन सकेको छैन ।

नयाँ गठन हुने सरकारले सोडारी नेतृत्वको सरकारले ल्याएको बजेट पारित नगरेर अध्यादेशमार्फत अर्को बजेट ल्याउने तयारी गरेको कांग्रेसका प्रमुख सचेतक विक्रमसिंह धामीले बताए । प्रदेश सरकार गठनका लागि २७ सदस्यको बहुमत आवश्यक हुन्छ । त्रिपन्न सदस्यीय प्रदेशसभामा कांग्रेसका १८, नेकपा माओवादी केन्द्रका सभामुखबाहेक १०, एमालेका ११, नागरिक उन्मुक्ति पार्टीका सात, नेकपा एकीकृत समाजवादी पार्टीका चार, राप्रपाको एक र एक स्वतन्त्र सदस्य छन् ।

# भू–क्षय रोक्न गण्डकीमा १६६ योजना निर्माण

**म्याग्दी–** म्याग्दीसहित गण्डकी प्रदेशका पाँच जिल्ला कार्यक्षेत्र भएको भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतमार्फत आर्थिक वर्ष २०८०/८१ मा १६६ योजना निर्माण गरिएका छन् । म्याग्दीमा १९, बागलुङमा ४७, मुस्ताङमा नौ, पर्वतमा ४५ र स्याङजामा ५३ वटा नदी, बाढी र पहिरो नियन्त्रणसम्बन्धी योजना निर्माण भएको कार्यालय प्रमुख दिवाकर पौडेलले जानकारी दिए । 'पुँजीगत शीर्षकमा १७३ वटा योजनाका लागि आठ करोड ९१ लाख ५० हजार रूपैयाँ बजेट विनियोजन भएकामा सातवटाबाहेक सबै कार्यान्वयन भए,' उनले भने । ती आयोजनाबाट तीन हजार परिवार लाभान्वित भएका छन् ।



उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्न आठ करोड २७ लाख सात हजार रूपैयाँ खर्च भएको कार्यालय प्रमुख पौडेलले बताए । पहिरो, कटान र बाढीको जोखिम भएको ठाउँमा ग्याबियन पर्खाल, तटबन्ध निर्माण गर्ने, भलबाढी तर्काउने नाली निर्माण, खोल्सी संरक्षण, पोखरी निर्माण र मर्मतसम्बन्धी काम भएको छ । समग्रमा ९५ प्रतिशत भौतिक र ८८.९४ प्रतिशत वित्तीय प्रगति भएको उनले जानकारी दिए । १४ वटा पानीका मुहान संरक्षण र १३ वटा पोखरी निर्माण तथा मर्मतसम्भार गरिएका छन् । कार्यालयअन्तर्गतका नर्सरीमा ६५ हजार घाँसका बिरुवा उत्पादन गरी कृषकलाई वितरण गरिएको छ ।

म्याग्दीको मालिका गाउँपालिकामा दरबाङ, फूलबारी, खोप्टी, चिउरीबोट, मंगलाको पीपलबोट, ताराखेत, थापाचौर, सिद्धथान, रघुगंगाको दर्मीजा तातोपानी कुण्ड, सिजलगाउँ बाहुनबारी, धौलागिरि गाउँपालिकाको पन्थोक भूमेथान, बेनी नगरपालिकाको चिप्लेटी बस्ती र ढोल्थान दरबार संरक्षण योजना निर्माण भएको कार्यालयका सवइञ्जिनियर देवान विकले बताए ।

यसैगरी बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको मुहान संरक्षण, रघुगंगा–२ बुझबुझेमा पोखरी निर्माण र बेनपा–२ खबरामा सिम्ले पोखरी मर्मत भएको छ । आगामी आवका लागि म्याग्दीका १६ वटा योजनाका लागि ७९ हजार रूपैयाँ बजेट विनियोजन भएको कार्यालय प्रमुख पौडेलले जानकारी दिए । कूल १२ करोड ९० लाख बजेट प्राप्त गरेको कार्यालयमार्फत कार्यान्वयन हुने पर्वतमा ५१, बागलुङमा ४६, स्याङजामा ३८ र मुस्ताङमा आठ योजना छनोट भएका छन् । *रासस*

# 'ज्यान बच्यो, अन्नपात जोगिएन'

**दोधारा चाँदनी (कञ्चनपुर)–** जिल्लामा गत साताको अविरल वर्षापछि आएको बाढीका कारण डुबानमा परी विस्थापित भएका परिवार घर फर्किएका छन् ।

अधिकांश घरका अन्न र लुगाकपडा सबै भिजेको छ, कतिपयको अन्नपात बाढीले बगाएको छ । अहिले यहाँका बाढी प्रभावितलाई खानलाउन समस्या भएको छ । महाकालीपारि दोधारा चाँदनी नगरपालिकाका चार वडामा जोगबुडा नदीको बाढी पसेको थियो । दोधारा चाँदनी–८, ९, १० र ३ का बासिन्दा सबैभन्दा बढी समस्यामा परेका छन् ।

घरभित्रका कपडा कति बगेर गए कति माटोमा च्यापिएको पीडितहरू बताउँछन् । स्थानीय मंगले सार्कीले बाढीले घरभित्र भएको अन्न लत्ताकपडा बाढीले बगाएपछि साँझ बिहानको छाक टार्ने मुस्किल परेको बताए । 'भाँडाकुँडा अन्नपात र लत्ताकपडा सबै बगाइदियो साँझबिहान के खाने तीन दिन भयो केही खाएका छैनौं,' उनले भने, 'खेत पनि लेदोले पुरेको छ । यस्तो अवस्थामा पनि राज्यबाट कुनै सहयोग पाएका छैनौं ।'

दोधारा चाँदनीका चम्पा सार्कीको घर बाढीले भत्काएको छ । बाढीले घर भत्काएपछि खुला आकाशमा पालको साहारा बस्नुपरेको उनले बताए । 'बाढीले केही राखेन अन्नपात, लत्ताकपडा सबै बगाइदियो,' उनले भने, 'दराज र सोफा लेदोले पुरिएको थियो ।घरभित्र रहेको सुन र केही नगद बाढीले लगेको छ ।'

टापुको बस्ती कुतियाकभरमा पनि बाढीले ठूलो नोक्सानी गरेको छ । बाढीले केही घर पूर्णरूपमा क्षति भएका छन् । सामान्य क्षति भएका घरका सबै फर्किसकेका छन् । घर भत्केका परिवारका सदस्य कोही आफन्तकामा छन् भने कोही नेपाली सेनाले निर्माण गरेको सेफ हाउसमा छन् ।

रातिको समयमा अचानक बाढी बस्तीमा पसेपछि ज्यान जोगाउनै मुस्किल भएको लक्ष्मी सुनारले बताइन् । 'राति १ बजेतिर प्रहरी आएर हामीलाई उद्धार गरेका हुन्,' उनले भनिन्, 'ज्यान त जोगायो अन्न र पशुचौपाया जोगाउन सकिएन ।' उनले बाढीले अन्न र लुगाकपडा सबै बगाएपछि खानलाउन समस्या भएको बताइन् ।


बाढी र डुबानले दोधारा चाँदनी नगरपालिका, भीमदत्त नगरपालिका, बेलडाँडी गाउँपालिका र बेलौरी नगरपालिकामा ठूलो संख्यामा नागरिक विस्थापित भएका थिए । उक्त क्षेत्रमा पूरै लेदोले भरिएर खेतबारी ढाकिएका छन् । जिल्लाको दक्षिणी क्षेत्र बेलौरी नगरपालिकाको कलकत्ता र भुँडामा पनि डुबानका कारण ठूलो क्षति भएको छ । जिल्लाभरिमा अहिले क्षतिको विवरण संकलन भइरहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । रासस

प्रभाव दैनिक

रूपशाला

### अक्षय कुमारलाई कोरोना संक्रमण

बलिउड अभिनेता अक्षय कुमारलाई कोरोना संक्रमण भएको छ । अक्षयकुमारले आफूलाई कोरोना संक्रमण भएकाले अलग बसेको भारतीय मिडियाहरूले उल्लेख गरेका छन् । फिल्मको सरफेराको प्रमोशनको क्रममा अक्षयलाई कोरोना संक्रमण भएको बताइएको छ । उनलाई शुक्रबार बिहान कोभिड पोजिटिभ भेटिएको थियो । यसअघि २०२२ मा पनि अक्षय फिल्म 'राम सेतु' को सुटिङका क्रममा कोरोना संक्रमित भएका थिए ।





## खगेन्द्रलाई 'घर नम्बर २' उपहार



**काठमाडौं (प्रस)–** अभिनेता खगेन्द्र लामिछानेले शुक्रबार आफ्नो जन्मदिन मनाएका छन् । उनलाई जन्मदिनको विभिन्न माध्यमबाट शुभकामना पनि प्राप्त भएको छ । यस्तै जन्मदिनको अवसरमा नयाँ फिल्म उपहारको रूपमा समेत मिलेको छ । उनलाई फिल्म 'के घर के डेरा : घर नम्बर २' उपहारको रूपमा मिलेको हो ।

दीपेन्द्र के खनालको निर्देशन रहने फिल्ममा उनलाई जन्मदिनको उपहार भन्दै अनुबन्धित गरिएको छ । साउनको २५ गतेबाट छायाङ्कन तयारी रहेको फिल्मको मुख्य भूमिकामा खगेन्द्र रहनेछन् । जन्मदिनमा फिल्म उपहार मिल्दा खगेन्द्र उत्साहित देखिए । उनले, एउटा राम्रो टिम र राम्रो कथामा काम गर्न पाउँदा खुसी लागेको बताए । ए प्लस इन्टरटेन्मेन्ट र नटराज क्रियशनको ब्यानरमा निर्माण हुन लागेको यो फिल्ममा अन्य कलाकारहरू छनौटको क्रममा छन् ।

बुद्धिसागरको लेखन रहेको फिल्ममा शरद श्रेष्ठ, किरण महर्जन र राजीव श्रेष्ठ निर्माता रहेका छन् । फिल्मका कार्यकारी निर्माता युवराज कार्की हुन् । फिल्मलाई काठमाडौँमा रिच इन्टरटेन्मेन्ट र काठमाडौँ बाहिर एफडी कम्पनीले वितरण गर्नेछ । फिल्मले सामाजिक कथालाई रोचक तरिकाले प्रस्तुत गर्ने निर्देशक खनालले बताए ।

## बैंककमा मनाइयो भानु जयन्ती

**काठमाडौं (प्रस)–** भानुजयन्तीका अवसरमा थाइल्याण्डमा रहेका नेपाली र नेपाली भाषीका संघसंस्थाहरूको सहभागितामा एक कार्यक्रम आयोजना गरियो ।

त्यस अवसरमा राजदूत धनबहादुर वलीले नेपाली भाषा संस्कृतिको संरक्षण र सम्वर्द्धनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । उनले नेपाली मूलका तथा विदेशमा रहेका नेपाली नागरिकका सन्ततिलाई नेपाली भाषा साहित्यका बारेमा जानकारी दिन, भाषा सिकाइ तथा प्रशिक्षणमा प्रोत्साहित गर्न यस वर्षदेखि भानुजयन्तीका अवसरमा सबै नेपाली तथा नेपाली भाषी सङ्घसंस्थासँगको सहकार्यमा भाषा साहित्य कार्यक्रम विशेष रूपमा आयोजना गर्नु उपयुक्त हुने र सो कामका लागि राजदूतावासबाट सधैँ सहयोग हुने प्रतिबद्धता व्यक्त भए ।

गैरआवासीय नेपाली सङ्घ थाइल्याण्डका अध्यक्ष भविन्द्र बस्नेत, थाई नेपाली सङ्घका अध्यक्ष लक्ष्मण केसी, भाषा साहित्य संस्थाका प्रतिनिधि तथा बालसाहित्यकार र कलाकारको सहभागिता रहेको उक्त कार्यक्रममा राजदूतावासका नियोग उपप्रमुख प्रकाश अधिकारीले समापन मन्तव्य राखेका थिए । कार्यक्रममा २५ जना साहित्यकारले आफ्ना रचना प्रस्तुत गरेका थिए । कार्यक्रममा बाल साहित्यकारलाई नेपाली भाषसम्बन्धी पुस्तक वितरण गरिएको थियो ।

विश्वयुद्धपछि थाइल्याण्डको पिलोकमा बसोबास गरेका गोर्खा भर्तीका नेपाली तथा म्यान्माबाट विभिन्न समयमा बसाइँसरी थाइल्याण्ड गएका विभिन्न कालखण्डमा नेपाल, भारत, भूटानलगायत मुलुकबाट थाइल्याण्ड आई बसोबास गरेका नेपाली मूलका थाई नागरिकहरू, हाल थाइल्याण्डमा कामगरी बसेका नेपाली मूलका म्यान्माका नागरिकको उल्लेख्य संख्यामा नेपाली भाषीहरूको थाइल्याण्डमा बसोबास छ ।

# सौगात र सुरक्षा उत्कृष्ट कलाकार



■ प्रभाव संवाददाता

**काठमाडौं–** गीतसङ्गीत र फिल्म क्षेत्रका कलाकर्मीलाई एकसाथ अवार्ड प्रदान गरिएको छ । शुक्रबार साँझ सम्पन्न 'विराट म्युजिक एण्ड फिल्म अवार्ड'को दोस्रो संस्करणमा कलाकर्मीले ३१ विधामा विभिन्न अवार्ड लिए । कार्यक्रममा सङ्गीतका २४ र फिल्मका ७ विधामा अवार्ड प्रदान गरिएको थियो ।

पूर्व उप-प्रधानमन्त्री एवं नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल, वरिष्ठ चलचित्र अभिनेता कृष्ण मल्ललगायतले उपसिथ्ती रहेको कार्यक्रममा प्रतिष्ठित गीतकार बीबी थापालाई नगद रु २५,५५५ सहित दीर्घसाधना सम्मान प्रदान गरियो । सोही कार्यक्रममा पत्रकार गीता अधिकारीले ५,१०० सहित पत्रकारिता पुरस्कार प्राप्त गरिन् । अर्थप्रधान अनलाइन 'अर्थपथ डटकम'का सञ्चालक तथा सम्पादक विष्णु तारुकेलाई 'राष्ट्रिय पत्रकारिता सम्मान', कलाकार पवन प्रसाद खतिवडा 'राष्ट्रिय कलाकारिता सम्मान', साहित्यकार सृजना अर्याल, समाजसेवी तथा कवि शोभित उप्रेती, गायक हिमाल श्रेष्ठ, कलाकार तथा टेलिसिरियलका निर्देशक नेत्र राउतले समेत कार्यक्रममा विभिन्न सम्मान प्राप्त गरे ।

कार्यक्रममा पूर्व उप-प्रधानमन्त्री पोखरेलले नेपाली कला र संस्कृतिको संरक्षणमा कलाकारको महत्त्वपूर्ण भूमिका रहँदै आएको बताए । 'समाज रूपान्तरणमा पत्रकार र कलाकारको अतुलनीय भूमिका हुन्छ । नेपाली भाषा, धर्म र संस्कृति र पहिचान जोगाउनु आजको आवश्यकता हो,' पोखरेलले भने, 'म सम्पूर्ण कलाकर्मी साथीहरूलाई भन्न चाहन्छु- देशको रक्षा आज सबैभन्दा ठुलो कर्तव्य हो ।'

कार्यक्रम संयोजक सुरज पौडेल कला र कलाकर्मीको सम्मान र प्रोत्साहनका लागि अवार्ड गर्दै आएको बताए । सङ्गीतकार राजु सिंह, लोक गायक राजु परियार, पत्रकार अशेष अधिकारी कलाकार, चन्द्र लामा, गीतकार भीष्मराज फुलारा, मोडल उत्साह घिमिरे निर्णायक रहेको कार्यक्रममा सेलिब्रेटी नेपाल प्रतिष्ठानले आयोजन गरेको हो ।

रघुनाथ सापकोटा संचालक र प्रविन किराती कार्यक्रम निर्देशक रहेको कार्यक्रममा चलचित्र पत्रकार सङ्घका अध्यक्ष समिर बलामी, उपाध्यक्ष कुबेर गिरी, पूर्व अध्यक्ष शान्ती प्रिय, चलचित्र सङ्घका उपाध्यक्ष गोपाल काजी कायस्थ, गायक युवराज चौलागाई, निर्देशक नवल नेपाल, अभिनेत्री सुस्मा अधिकारी। फिलम निर्देशक लक्ष्मण सुवेदी, निर्माता श्रीधर पौडेललगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा वेस्ट एरेन्जर (मोर्डन) मनोज चौलागाई, वेस्ट गायन पुरुष (मोर्डन) नविन कुमार पौडेल, वेस्ट गायन महिला (मोर्डन) नितु पौडेल, वेस्ट गायन पुरुष (लोकपप) सरोज साजन श्रेष्ठ, वेस्ट लिरिक्स (मोर्डन) चाम्लिंग सुरेश राई, वेस्ट मोडल (पुरुष) माधव केसी, वेस्ट मोडल (महिला) आशा भुषाल, वेस्ट म्युजिक भिडियो निर्देशक सत्यराज चौलागाईं छन् ।

त्यस्तै वेस्ट म्युजिक भिडियो छायाँकार राहुल राई, रविन्द्र बराल, वेस्ट म्युजिक भिडियो सम्पादक राकेश दाहाल, वेस्ट मेकअप आर्टिस्ट राकेश रनपाल, वेस्ट मोडल महिला ( लोक) सजिना लामिछाने, वेस्ट पप गायन (महिला) प्रिती रिमाल, वेस्ट पप गायन (पुरुष) मुन थकाली, वेस्ट एरेन्जर (पप) जीवन बडू, वेस्ट मोडल लोक (पुरुष) सुमित जंग थापा, वेस्ट सङ्गीतकार (राष्ट्रिय गीत) बीपी वाग्ले, वेस्ट गायन (नयाँ प्रतिभा) आर के बिबश, वेस्ट मोडल (नयाँ प्रतिभा) बोन्दिता धामी, वेस्ट मिक्स मास्टर प्रकाश मिश्र, वेस्ट म्युजिक भिडियो मोडल (जोडी) जतिन ताम्राकार/मल्लिका राजोपाध्याय, वेस्ट गायिका (लोक) जिस्केर मस्केर सरिता भारती, वेस्ट फिल्म

डेसान (द एपिडेमिक), वेस्ट फिल्म निर्देशक खिल बहादुर गुरुङ (मन्त्र) वेस्ट अभिनेत्री सुरक्षा पन्त (बहाव), वेस्ट सिनेम्याटोग्राफर सुशन प्रजापति (लाखे) वेस्ट स्क्रिनप्ले कमल/आरुष जंग (डेसान) वेस्ट एडिटर मित्र डि. गुरुङ (मन्त्र), वेस्ट अभिनेता सौगात मल्ल (मन्त्र)ले प्राप्त गरे । त्यस्तै वेस्ट राष्ट्रिय फिल्म गोर्खा ब्रिनिथ द ब्रेभरी, वेस्ट टेलिचलचित्र निर्देशक दिवाकर भण्डारी (सापटे काका), वेस्ट नेगेटिभ क्यारेक्टर आर्टिस्ट सुगत कारजित, सुवास गुरुङ (गणेश), जुरी अवार्ड कल्चरल मुभीले प्राप्त गरे ।



# गण्डकी प्रदेशका १७८ खेलाडी पुरस्कृत



■ प्रभाव संवाददाता

**कास्की–** गण्डकी प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रियस्तरका विभिन्न खेलकुद प्रतियोगिताका विजेतालाई आज नगदसहित पुरस्कृत गरिएको छ । प्रदेश खेलकुद परिषद्ले यहाँबाट सहभागिता जनाएर विभिन्न प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक तथा प्रथम, द्वितीय र तृतीय बनेका प्रदेशका एक सय ७८ खेलाडीलाई पुरस्कृत गरेको हो ।

चालु आर्थिक वर्षमा आयोजना गरिएको बागमती प्रदेशस्तरीय प्रतियोगिता, १४औं राष्ट्रपति रनिङ शिल्ड र यु-१५ विद्यालयस्तरीय राष्ट्रिय खेलकुद प्रतियोगिताका विजेता खेलाडीले पुरस्कार पाएका हुन् । खेलाडीलाई गण्डकी प्रदेशका मुख्यमन्त्री एवं प्रदेश खेलकुद परिषद्का संरक्षक सुरेन्द्रराज पाण्डे, सामाजिक विकास तथा स्वास्थ्यमन्त्री बिन्दुकुमार थापा, प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष धोजकुमार गुरुङ, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव प्रकाश पौडेल र सदस्यसचिव श्रीधर शर्मालगायतले खेलाडीलाई पुरस्कार वितरण तथा सम्मान गरे ।

पुरस्कृत हुने खेलाडीमध्ये 'व्यक्तिगत इभेन्ट'तर्फ स्वर्ण, रजत र कास्य पदक विजेतालाई क्रमशः नगद रु सात हजार, पाँच हजार र रु तीन हजारका दरले पुरस्कृत गरिएको हो । यसैगरी 'टिम गेम्स'तर्फका विजेता खेलाडीलाई क्रमशः रु पाँच हजार, रु तीन हजार र रु दुई हजार प्रदान गरिएको थियो ।

त्यस अवसरमा मुख्यमन्त्री पाण्डेले प्रदेश सरकार खेलकुद विकासका लागि लगानी बढाउन प्रतिबद्ध रहेको बताए । "सीमित स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै खेलकुदको जग बलियो बनाउन गण्डकी प्रदेश सरकार अघि बढेको छ, खेलकुदमा अधिकतम लगानी गर्दै खेलाडीलाई प्रोत्साहन गर्न हामी प्रतिबद्ध छौँ", उनले भने,"खेलकुद क्षेत्रबाट अझै पनि जीविकोपार्जनका विषयमा थुप्रै प्रश्नहरू छन् । खेलाडीले खेल खेलेर जीवन धान्ने अवस्था बनाउन सबैको प्रयत्न आवश्यक छ, यसमा प्रदेश सरकारले योगदान गर्छ ।"

सामाजिक तथा स्वास्थ्यमन्त्री थापाले खेलकुदमा भविष्य छ भन्ने सुनिश्चित गर्न तीनै तहका सरकार खेलकुद विकासमा अघि बढेको बताए । "खेलकुद अनुशासित क्षेत्र हो । यसले सौहार्दताका साथै राष्ट्रको गरिमा बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । मन्त्रालय खेलाडीहरूको मनोबल बढाउन र खेल क्षेत्रको विकासका लागि थप प्रतिबद्ध भएर लाग्नेछ", उनले भने ।

टी-२० वरीयता

# आसिफको सुधार, दीपेन्द्र, सोमपाल र रोहितको खस्कियो

■ प्रभाव संवाददाता



**काठमाडौं–** अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले जारी गरेको नयाँ टी-२० आई वरीयता ओपनर आसिफ शेखको सुधार भएको छ । टी-२० आई ब्याटिङ वरीयतामा आसिफले एक स्थान सुधार गर्दै ६९औं स्थानमा छन् । सोही स्थानमा अष्ट्रेलियाका म्याथ्यु वेड छन् । दुबै खेलाडीको अंक समान ४३१ छ ।

टी-२० आईको ब्याटिङतर्फ नेपालका कप्तान रोहित पौडेल ६१ औं र दीपेन्द्रसिंह ऐरी ४६ औं स्थानमा यथावत छन् । भारतका ऋतुराज गायकवाडले एकै पटक १३ स्थान सुधार गर्दै सातौं स्थानमा छन् । अष्ट्रेलियाका ट्रविस हेड शीर्ष, भारतका सूर्यकुमार यादव दोस्रो र इंग्ल्यान्डका फिलिप साल्ट तेस्रो स्थानमा छन् ।

बलिङतर्फ टी-२० आई वरीयतामा दीपेन्द्रसिंह ऐरीले तीन स्थान गुमाएका छन् । दीपेन्द्र ३ स्थान तल झर्दै १००औं स्थानमा छन् । त्यस्तै सोमपाल कामी दुई स्थान तल झरेका छन् । सोमपाल ९४औं स्थानमा पुगेका छन् । टी-२० आई अलराउण्डरतर्फ वरीयतामा दीपेन्द्रसिंह ऐरी सातौं, कुशल मल्ल ३६औं, गुलशन झा ६९औं, कुशल भुर्तेल ७१औं र करण केसी ७५ औं स्थानमा यथावत छन् । रोहित पौडेल एक स्थान तल झर्दै ५५ औं स्थानमा पुगेका छन् ।

उता ओडीआईमा नेपालको दुई स्थान खस्किएको छ । पछिल्लो पटक २ जुलाईमा भएको अपडेट अनुसार नेपाल १७ औं स्थानमा पुगेको छ । नेपाल भन्दापछि ओमान १८औं, अमेरिका १९ औं र युएई २०औं स्थानमा छन् । नामिबिया १६औं र क्यानडा दुई स्थान सुधारका साथ १५औं स्थानमा छ । टी-२० आई वरीयतामा अघिल्लो हप्ताको अपडेट अनुसार नेपाल १७औं स्थानमा यथावत् छ ।

## जिम्बाबेविरुद्धको सिरिज भारतलाई

**काठमाडौं (प्रस)–** भारतले जिम्बाबेविरुद्धको टी- २० लगातर तेस्रो जित हासिल गरेको छ । सिरिजको चौथो खेलमा भारतले १० विकेटले जित हासिल गरेको हो । जिम्बाबेले दिएको १५३ रनको लक्ष्य पछाएको भारतले कुनै विकेट नगुमाएई १५.२ ओभरमा लक्ष्य पुरा गरेको थियो ।

भारतका लागि यशस्वी जैसवालले अविजित ९३ रन बनाएका थिए भने शुभमन गिलले अविजित ५८ रन बनाएका थिए । यस अघि जिम्बाबेले पहिला ब्याटिंग गर्दै २० ओभरमा ७ विकेट गुमाएर १५२ रन बनाएको थियो । यो जितपछि भारतले ५ खेलको सिरिज ३-१ ले जितेको छ । सिरिजको पहिलो खेल जिम्बाबेले जितेको थियो भने त्यसपछि लगातार तिन खेल भारतले जितेको छ । अब सिरिजको अन्तिम खेल आइतबार हुने छ ।

# जासुसीको आरोप 'फिर्ता लिन' अस्ट्रेलियाका प्रधानमन्त्रीको आग्रह




**सिड्नी (अस्ट्रेलिया)–** अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजले शनिबार मस्कोका लागि जासुसीको आरोपमा ब्रिस्बेनस्थित दम्पतीको गिरफ्तारीमा रुसी आलोचनालाई अस्वीकार गर्दै क्रेमलिनलाई फिर्ता लिन आग्रह गरेका छन् । मस्कोलाई विश्वभरि जासुसी मा संलग्न भएको आरोप लगाउँदै अल्बनिजले रसियासँग कुनै विश्वसनीयता नभएको बताए ।

उनले ब्रिस्बेनमा एक कार्यक्रममा बोल्दै 'रुसले सन्देश प्राप्त गर्न सक्छः पछाडि हट्नुहोस्' भने । अस्ट्रेलियाली प्रहरीले शुक्रबार ४० वर्षीया महिला र उनका-६२ वर्षीय पतिलाई रूसी पासपोर्ट वाहक-जासुसी अपराधको तयारी गरेको आरोप लगाएको भन्दै रूसी दूतावासले गरेको आलोचनाको जवाफ दिँदै अल्बनिजले यस्तो प्रतिक्रिया दिएका हुन् ।

सामाजिक सञ्जाल एक्सको पोस्टमा, क्यानबेरामा रहेको रूसी दूतावासले गिरफ्तारी र मिडिया कभरेज 'अस्ट्रेलियामा रूसी विरोधी पागलपनको अर्को लहर सुरु गर्ने उद्देश्यले' भएको जनाएको छ । दूतावासले स्थितिमा अस्ट्रेलियाली अधिकारीबाट आधिकारिक लिखित जानकारी अनुरोध गरेको जनाएको छ ।

बिहीबार ब्रिस्बेनमा आफ्नै घरमा पक्राउ परेका दम्पतीलाई अस्ट्रेलियाली सेनाबाट राष्ट्रिय सुरक्षासम्बन्धी सामग्री प्राप्त गरेको आरोप लगाइएको छ । दोषी ठहरिएमा उनीहरूले १५ वर्षसम्म जेल सजाय भोग्नुपर्ने हुन्छ । अभियुक्त महिला अस्ट्रेलियन डिफेन्स फोर्समा निजी र त्यहाँ धेरै वर्षदेखि सूचना प्रणाली टेक्निसियनको रूपमा काम गरिरहेको अस्ट्रेलियाली प्रहरीले जनाएको छ ।

उनले कथितरूपमा सेनाबाट लामो अवधिको बिदाको समयमा रुसको गैरघोषित यात्रा गरेका थिए । रुसमा हुँदा, उनले आफ्ना पति, (एक स्व-रोजगार मजदुर)लाई अस्ट्रेलियामा आफ्नो आधिकारिक खातामा कसरी 'लग इन' गर्ने भनेर बताएको उल्लेख छ । उनका पतिले अनुरोध गरिएको सामग्रीमा रुसमा आफ्नी श्रीमतीलाई पठाउने गरेको प्रहरीले आरोप लगाएको छ ।

प्रहरीका अनुसार अभियुक्त महिला र उनका पतिले क्रमशः २०१६ र २०२० मा अस्ट्रेलियाको नागरिकता प्राप्त गरेका थिए । दम्पती शुक्रबार ब्रिस्बेनको मजिस्ट्रेट अदालतमा छुट्टै उपस्थित भए । दुवैलाई सेप्टेम्बर-२० मा अर्को सुनुवाइका लागि हिरासतमा राखिने छ ।

अल्बनिजले युक्रेनमा चलिरहेको द्वन्द्वका लागि क्रेमलिनको पनि आलोचना गरेका छन् । तपाईं युक्रेनबाट बाहिर निस्केर तपाईं संलग्न भएको अवैध र अनैतिक युद्धलाई कसरी रोक्नुहुन्छ भन्ने प्रश्नसहितको सन्देश रुसलाई छ । अस्ट्रेलियाका प्रधानमन्त्रीले रुसलाई अन्य सार्वभौम राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप गर्न बन्द गर्न पनि आह्वान गरे । अल्बनिजले रुसलाई अन्तर्राष्ट्रिय कानुनप्रति कुनै सम्मान नभएको देशको संज्ञा दिँदै उनीहरूलाई तिरस्कारका साथ लिनुपर्ने र आफूले त्यसै गर्ने गरेको उल्लेख गरेका छन् । *रासस/एएफपी*



पाकिस्तानको लाहोरमा भीषण वर्षापछि बाढीले डुबेको सडकमा हिँडिरहेका मानिसहरू । *तस्बिर: सिन्हवा*

# अफगानी निर्वासन रोक्न पाकिस्तानलाई मलालाको आह्वान

**लन्डन–** नोबेल पुरस्कार विजेता मलाला युसुफजाईले विशेषगरी महिला र बालिकाहरूको अन्धकार भविष्यप्रति चिन्ता व्यक्त गर्दै पाकिस्तानलाई कागजातविहीन अफगानीको निर्वासन रोक्न आह्वान गरेकी छन् ।



'पाकिस्तानले त्यहाँ रहेका अफगानी शरणार्थीलाई फिर्ता जान बाध्य गरिरहेको छ भन्ने कुरा गहिरो चिन्ताको विषय हो । म विशेषतः महिला र बालिकाको बारेमा चिन्तित छु,' सन् २०१४ मा नोबेल शान्ति पुरस्कारबाट पुरस्कृत मलालाले शुक्रबार बताइन् ।

इस्लामाबादले यस हप्ता अवैध आप्रवासीलाई हटाउने बताएको हो । गत वर्ष इस्लामाबादले कागजातविहीन आप्रवासीलाई तुरुन्तै पाकिस्तान छोड्न वा गिरफ्तारीको सामना गर्न आदेश दिएपछि छ लाखभन्दा बढी अफगान पाकिस्तानबाट भागेका थिए । पाकिस्तानबाट अफगानिस्तानमा फिर्ता पठाइएका केहीले तालिबानद्वारा उत्पीडनको सामना गर्नुपरेको मानवअधिकार पर्यवेक्षकले चेतावनी दिएका छन् ।

सन् २०२१ मा सत्ता नियन्त्रणमा लिएको तालिबानले इस्लामको कठोर रूप लागू गरेका छन्, बालिकालाई उच्च शिक्षाबाट प्रतिबन्ध लगाइएको छ र महिलाहरूको सार्वजनिक जीवनमा प्रतिबन्ध लगाइएको छ । 'पाकिस्तानमा बालिकाहरूले पढ्ने मौका पाइरहेका थिए, महिलाहरू रोजगारमा संलग्न हुँदै थिए,' २७ वर्षीया मलालाले भनिन् । 'मलाई आशा छ कि अफगानस्तानमा महिलालाई हुनसक्ने उत्पीडनलाई मध्यनजर गर्दै पाकिस्तानले आफ्नो नीतिलाई परिवर्तन गर्ने छ,' उनले बताइन् । *रासस/एएफपी*

# चीनद्वारा बालबालिका लक्षित हानिकारक अनलाइन सामग्रीमाथि कारबाही सुरू

**बेइजिङ–** चीनले शनिबार बालबालिकाका लागि हानिकारक मानिने सामग्री, भिडियो एप र सामाजिक सञ्जाल प्लेटफर्मलाई लक्षित गर्दै आफ्नो कडा नियन्त्रित इन्टरनेटमा नयाँ कारबाहीको घोषणा गरेको छ । सत्तारूढ कम्युनिस्ट पार्टीले घरेलु वेबलाई कडाइका साथ नियमन गरी अश्लील, तथा राजनीतिकरूपमा विध्वंसक मानिने सामग्रीलाई सेन्सर गर्ने भएको छ ।




यसले समय-समयमा अनलाइन प्रभावकर्तादेखि गेमिङ र सपिङ प्लेटफर्मसम्मका विशिष्ट क्षेत्रमा कडाइ गरेको छ । शनिबार एक विज्ञप्तिमा, देशको इन्टरनेट वाचडगले इन्टरनेटमा नाबालिगको सुरक्षालाई प्रभावकारीरूपमा सुदृढ पार्न र स्वस्थ, सुरक्षित अनलाइन वातावरण सिर्जना गर्न दुई महिनाको 'क्लियर एन्ड ब्राइट' अभियान सुरु गरिरहेको बताएको छ ।

यस कदमले छोटो-भिडियो र लाइभ स्ट्रिमिङ प्लेटफर्म, सामाजिक सञ्जाल साइट, अनलाइन सपिङ प्लेटफर्म, एप स्टोर, बच्चाका लागि स्मार्ट उपकरण र नाबालिगका लागि अनलाइन नियन्त्रणसँग सम्बन्धित प्रमुख समस्या समाधान गर्ने चीनको साइबरस्पेस प्रशासनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यसले विद्यालय बदमासीलाई प्रोत्साहन गर्ने भिडियो प्रसारण गर्ने, क्लासिक बच्चाको कार्टुन र गीतमा 'हिंसात्मक र घृणित' सामग्री थप्ने र कम उमेरका 'इन्टरनेट सेलिब्रेटी बच्चा'बाट नाफा कमाउनेजस्ता विविध व्यवहारलाई लक्षित गर्दछ ।

यसले इ-कमर्स प्लेटफर्मबाट अश्लील र यौन सूचक उत्पादन उन्मूलन गर्ने लक्ष्यसहित बच्चाहरूलाई 'हानिकारक मित्रता'मार्फत दुर्भावनापूर्णरूपमा बनाइएको अनलाइन शब्दजाल र अश्लीलतातर्फ आकर्षित गर्ने जानकारी पनि दिन्छ । नाबालिगका लागि विशेष समस्याको नयाँ अभिव्यक्तिमा नजिकबाट ध्यान दिई संयुक्तरूपमा राम्रो अनलाइन वातावरणलाई समर्थन गर्नुपर्ने विज्ञप्तिमा भनिएको छ । चिनियाँ बालबालिकाले गर्मीको स्कुलको छुट्टी सुरु गर्दा र हालैका वर्षमा यस्तै थुप्रै अभियान पछ्याउँदा पछिल्लो अभियान आएको हो ।

सेन्सरले अप्रिलमा अर्को 'क्लियर एन्ड ब्राइट' अभियान सुरु गरेपछि धेरै प्रसिद्ध प्रभावकर्तालाई अवरुद्ध गरेका छन् जसले आकर्षक व्यक्तित्वले जानाजानी पैसाले भरिएको असाधारण जीवनशैली प्रदर्शन गर्दछ । सरकारले १८ वर्षमुनिका बालबालिकाले अनलाइन गेम खेल्ने समय पनि गम्भीररूपमा कटौती गरेको छ । पहिले इ-कमर्स प्लेटफर्ममा आफूले अवाञ्छनीय ठानेका उत्पादनबाट बेच्ने प्रशिक्षण दिएको छ, जस्तै सफ्टवेयर जसले आधिकारिक इन्टरनेट नियन्त्रण स्कार्ट गर्दछ । *रासस/एएफपी*

## म्यानमाको यांगुन नदीबाट पाँच जनाको शव निकालियो

**यांगुन–** म्यानमाका उद्धारकर्ताले व्यवसायिक केन्द्र यांगुन नदीमा डुंगा दुर्घटनामा परेका १२ वर्षीया बालिकासहित पाँच जनाको शव भेटिएको स्थानीय अग्नि नियन्त्रण सेवाले जनाएको छ ।

स्थानीय सञ्चारमाध्यमले जानकारी गराएअनुसार उक्त डुंगा बुधबार अर्को जहाजसँग ठोक्किएपछि यांगुन नदीमा डुबेको थियो । 'उद्धारकर्ताहरूले नदीबाट पाँच जनाको शव फेला पारेका छन्,' अग्नि नियन्त्रण सेवाले शुक्रबार राति फेसबुकमार्फत जारी गरेको विज्ञप्तिमा भनिएको छ । तीन जना पुरुष, एक १६ वर्षीय बालक र एक १२ वर्षीया बालिकाको शव यांगुन जनरल अस्पतालमा पठाइएको विज्ञप्तिमा जनाइएको छ । अल्पविकसित यातायात र कमजोररूपमा लागू गरिएका सुरक्षा नियमहरूका कारण म्यानमामा डुंगा दुर्घटनाका घटनाहरू सामान्य छन् । *रासस/एएफपी*

## उत्तरी भियतनाममा पहिरो, ७ जनाको मृत्यु

**भियतनाम–** उत्तरी भियतनाममा पहिरोले सवारीसाधन पुरिँदा सात जनाको मृत्यु भएको शनिबार राज्य सञ्चारमाध्यमले जनाएको छ । हा जियाङ प्रान्तको बाक मी जिल्ला हुँदै गुडिरहेको १६ सिट क्षमताको सो सवारीसधान बिहान ४ बजे पहिरोमा परेको हो ।

उत्तरी भियतनाममा वर्षाको मौसम प्रवेश गरेसँगै भारी वर्षा र बाढी पहिरोले पहाडी सडकमा यात्रालाई जोखिमपूर्ण बनाइरहेको छ । उद्धारकर्ताहरूले घटनास्थलबाट एक बालकसहित सात जनाको शव उद्धार गरेका छन् । भ्यानमा सवार अन्य छ जना जीवित फेला परेको र उपचारका लागि नजिकैको अस्पतालमा लगिएको राज्य सञ्चारमाध्यमले जनाएको छ । उद्धारकर्ताले बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेका छन् । राज्य सञ्चारमाध्यमले प्रसारण गरेको तस्बिर र भिडियोहरूले एम्बुलेन्स र सयौं उद्धारकर्मी घटनास्थलमा खटिएका देखिइएको छ । *रासस/एएफपी*

## ड्रोन आक्रमणपछि रूसी इन्धन डिपोमा आगलागी

**मास्को (रुस)–** युक्रेनी ड्रोन आक्रमणपछि रुसको रोस्तोभ क्षेत्रमा शनिबार एउटा इन्धन डिपोमा आगलागी भएको यसका गभर्नर भासिली गोलुबेभले टेलिग्राममा बताएका छन् । गोलुबेभले टेलिग्राममा ड्रोन आक्रमणपछि सिमल्यान्स्की जिल्लाको पेट्रोल रिफाइनरीमा आगलागी हुँदा कुनै हताहत नभएको उल्लेख गरेका छन् । यो क्षेत्र फ्रन्ट लाइनबाट सयौं किलोमिटर टाढा छ । यसैबीच रुसको रक्षा मन्त्रालयले आफ्ना सेनाले चार युक्रेनी ड्रोन खसालेको घोषणा गरेको छ । दुईवटा रोस्तोभमा, एउटा युक्रेनसँग जोडिएको बेलगोरोड क्षेत्रमा र अर्को उत्तरमा रहेको कुर्स्कमा छन् । *रासस/एएफपी*

# इजरायली अधिकारीमाथि योजनाबद्ध नरसंहारको आरोप

**तेलअभिभ (इजरायल)–** शुक्रबार गाजा सहरमा भएको हिंसात्मक घटनामा ७० भन्दा बढी प्यालेस्टिनी मारिएका थिए, हमासका एक अधिकारीले इजरायली अधिकारीलाई 'योजनाबद्ध नरसंहार' गरेको आरोप लगाएको अल जजिराले रिपोर्ट गरेको छ ।

हमास सरकारी मिडिया अफिसका महानिर्देशक इस्माइल अल-थावाब्ताले इजरायली सेनाले पूर्वीगाजा सहरमा हजारौं प्यालेस्टिनीलाई पश्चिमी र दक्षिणी छिमेकमा सर्न निर्देशन दिएको र उनीहरू आइपुगेपछि गोली चलाएको दाबी गरे । अल-थावाब्ताकाले उद्धार टोलीले ताल अल-हवा क्षेत्रबाट ७० शव उद्धार गरेको र कम्तीमा ५० जना बेपत्ता भएको खुलासा गरे । केही विस्थापित मानिसले सेतो झण्डा बोकेका इजरायली सेनालाई औंल्याउदै लडाकु नभई विस्थापित भएको जिकिर गर्दा गर्दै पनि इजरायली कब्जा सेनाले यी विस्थापित मानिसलाई मृत्युदण्ड दिएको अल-थावाब्ताले उल्लेख गरे ।

उनका अनुसार इजरायली सेनाले ताल अल-हावामा त्यो नरसम्हार गर्ने योजना बनाइरहेको थियो । उनले प्यालेस्टिनीविरुद्धको 'उन्मूलनको युद्ध' अन्त्य गर्न इजरायललाई दबाब दिन अन्तर ाष्ट्रिय समुदायलाई आह्वान गरे । संयुक्त राष्ट्रसंघका प्रवक्ता स्टेफन डुजारिकले गाजा सहरमा भएको घटनाको निन्दा गर्दै यसलाई चलिरहेको द्वन्द्वमा नागरिकको मृत्युको अर्को दुःखद् उदाहरण भनेका छन् ।

यो घटनाले विनासकारी घटनाको शृंखलामा थप जोड दिने उल्लेख गर्दै यसले गाजामा विस्थापन निम्त्याएको जिकिर गरे । रिपोर्टका अनुसार यस घटनामा ज्यान गुमाउनेको संख्या ७० भन्दा बढी पुगेको छ भने अन्य धेरै घाइते भएका छन् । संयुक्त राष्ट्रसंघले तत्काल मानवीय युद्धविराम र द्वन्द्वको समयमा लिइएका सबै बन्धकको विनासर्त रिहाइको आह्वानलाई दोहोर्‍याएको छ ।

द्वन्द्व चलिरहेको बेला, मानिसलाई चाहिने चिकित्सा सहायता, खाना, आश्रय अत्यावश्यक रहेको तर उनीहरूलाई चाहिने अनिवार्य सामग्री पनि असम्भव भएको डुजारिकले जनाए । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ताले गाजामा द्वन्द्व समाप्त भएपछि जवाफदेहिताको आवश्यकता हुने बताए । तर अहिले मानिस भोकै रहेकोमा खाना पानी चिकित्सा सहायतालगायतका सामग्री लडाइँ क्षेत्रमा पुर्‍याउने प्रयास गरिरहेको उल्लेख गरे । उनका अनुसार अक्टोबरमा गाजामाथि इजरायलको युद्ध सुरु भएदेखि वेस्ट बैंकमा पनि हिंसा बढेको छ ।

प्यालेस्टिनी अधिकारीका अनुसार वेस्ट बैंकमा इजरायली सेना र स्थानीयद्वारा कम्तीमा ५५३ प्यालेस्टिनी मारिएका छन् भने नौ हजार ५१० जनालाई हिरासतमा लगिएको छ । इजरायलको कब्जामा रहेको वेस्ट बैंकमा करिब ३० लाख प्यालेस्टिनी बस्छन्, जहाँ पाँच लाखभन्दा बढी इजरायली १०० भन्दा बढी बस्तीहरूमा बस्छन् । *रासस/एएनआई*

# प्यालेस्टिनी भूमि इजरायली कब्जाबारे राय दिन राष्ट्रसंघीय अदालतको आदेश

**द हेग (नेदरल्याण्ड्स)–** अन्तर्राष्ट्रिय न्याय अदालत (आइसिजे)ले प्यालेस्टिनी क्षेत्रमा इजरायलको कब्जाको कानुनी परिणामको बारेमा जुलाई-१९ मा राय सल्लाह दिने घोषणा गरेको छ । हेगस्थित आइसिजेको सिट पिस प्यालेसमा जुलाई-१९ मा सार्वजनिक सत्र हुने छ, जहाँ अदालतका अध्यक्ष न्यायाधीश नवाफ सलामले राय सल्लाह पेस गर्ने छन् ।



फेब्रुअरीमा आइसिजेमा सार्वजनिक सुनुवाइका क्रममा प्यालेस्टाइन, ४९ संयुक्त राष्ट्रका सदस्य राष्ट्रलगायत तीनवटा अन्तर्राष्ट्रिय संस्थाले मौखिक वयानहरू प्रस्तुत गरेका थिए । सुनुवाइमा, प्यालेस्टाइनी संयुक्त राष्ट्रका दूत रियाद मन्सुरले आइसिजेलाई प्यालेस्टिनी क्षेत्रमा इजरायलको कब्जालाई अवैध घोषणा गर्न आग्रह गरेका थिए । फैसलाले कब्जाको तत्काल अन्त्य, न्यायपूर्ण र स्थायी शान्ति'को स्थापनाका लागि मार्गप्रशस्त गर्ने कुरामा जोड दिएको छ । सुनुवाइमा भाग नलिई, इजरायली प्रधानमन्त्रीको कार्यालयले सुनुवाइको वैधतालाई अस्वीकार गरी एक बयान जारी गर्दै इजरायलको स्वतन्त्रता र आत्मरक्षाको अधिकारलाई अझ कमजोर पार्ने प्रयास गरेको आरोप लगाएको छ । *रासस/सिन्हवा*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४६७०० | प्रति तोला - १४६००० | प्रति तोला - १९०० |

तनहुँ जलविद्युत् आयोजना

## प्रसारण लाइन निर्माण प्रभावित

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)–** एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत प्याकेज-३ को काम प्रभावित भएको छ । प्याकेज-३ अन्तर्गत प्रसारण लाइन निर्माणको काम वन क्षेत्रका कारण प्रभावित भएको हो । वन क्षेत्रको जग्गा प्रयोग र त्यहाँ रहेका रुखबिरुवा हटाउन स्वीकृति नपाउँदा प्रसारण लाइन निर्माण कार्य प्रभावित भएको आयोजनाका निमित्त प्रमुख श्यामजी भण्डारीले जानकारी दिए ।

प्रसारण लाइन निर्माणका लागि रुख कटान गर्न सरकारका तर्फबाट स्वीकृति प्राप्त भइसके पनि स्थानीयस्तरमा सहमति नहुँदा प्रसारण लाइन निर्माणको काम प्रभावित भएको उनको भनाइ छ । तनहुँतर्फको भागमा समस्या नरहे पनि चितवनतर्फ समस्या रहेकाले समस्या समाधान गर्नेतर्फ आयोजना लागिरहेको भण्डारीले बताए । प्रसारण लाइन निर्माणको काम हालसम्म ७३ दशमलव पाँच प्रतिशत सकिएको छ । प्रसारण लाइनमा पर्ने ९४ टावरमध्ये हालसम्म ७७ टावरको जग हाल्ने र ६९ टावर जडान कार्य सम्पन्न भइसकेको छ । तीन टावरको जग हाल्ने कार्य जारी रहेको बताउँदै भण्डारीले २० वटा टावरको जग संरक्षण कार्य सम्पन्न भएको जानकारी दिए । उनका अनुसार दुई स्थानमा जग संरक्षणको काम भइरहेको छ । केइसी इन्टरनेसनल, भारतले दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको ३६ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण कार्य गरिरहेको छ ।

प्रसारण लाइन निर्माणको काम सन् २०२२ मेसम्म सम्पन्न गर्ने लक्ष्य राखिए पनि कोभिड-१९ को महामारी र वन क्षेत्रको रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त हुन ढिलाइ हुँदा सम्झौताको म्याद थप गरिएको थियो । प्रसारण लाइन निर्माणको अवधि विसं २०८१ पुस ४ गतेसम्म रहेको छ । प्रसारण लाइन निर्माणका लागि कूल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गरिनेछ । तनहुँतर्फ व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका-४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिने आयोजनाले जनाएको छ ।




आयोजनाको मुख्य निर्माण कार्यलाई तीन प्याकेजमा विभाजन गरी काम भइरहेको छ । प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गतेबाट कार्यान्वयनमा आएको थियो । प्याकेज-१ को हालसम्मको प्रगति ३३ दशमलव दुई प्रतिशत भएको छ । आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकालीन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका प्याकेज-२ को निर्माण कार्यका लागि सिनो हाइड्रो कर्पोरेसन, चीनसँग विसं २०७५ असोज १५ गतेखरिद सम्झौता भएको थियो ।

निर्माण सुपरिवेक्षण परामर्शदाताले खरिद सम्झौता बमोजिम निर्माण कार्य सुरु गर्न कार्यादेश जारी गरेपश्चात सिनो हाइड्रोले विसं २०७५ माघ ६ बाट आयोजनास्थलमा परिचालित भई निर्माण कार्य जारी राखेको छ । भूमिगत विद्युत्गृह खन्ने कार्य सम्पन्न गरी कङ्क्रिटिङ तथा टर्वाइनलगायतका उपकरण जडान भइरहेको छ । टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ मुख्य सुरुङ खनिरहेको छ । यस प्याकेजको हालसम्म ५६ प्रतिशत प्रगति भएको छ ।

डिजिटल ठमेल

## निर्माणलाई अगाडि बढाइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको संघीय राजधानी काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य ठमेललाई 'डिजिटल ठमेल'का रूपमा अगाडि बढाइने भएको छ । ठमेल पर्यटन विकास परिषद्को यही असार ३१ गते हुन लागेको निर्वाचनको पूर्वसन्ध्यामा अध्यक्षका प्रत्यासी भविश्वर शर्मा समूहको 'उम्मेदवार परिचयात्मक' कार्यक्रममा अध्यक्षका उम्मेदवार शर्माले ठमेललाई डिजिटल रूपमा अगाडि बढाउन आफूले अध्यक्षमा उम्मेदवारी दिएको बताए ।

'हामीले स्थानीय सरकारसँगको सहकार्यमा ठमेलभित्रका देखिएका समस्या समाधान गरे पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा परिचित ठमेललाई प्रविधिको विकाससँग जोड्न नसकेकाले डिजिटल ठमेललाई प्राथमिकतामा राखेका छौं', उनले भने ।

अध्यक्ष शर्माले आफू निर्वाचित भएर डिजिटल ठमेललाई पहिलो प्राथमिकतामा राखी पर्यटन विकास परिषद्को आफ्नो वेबसाइटमार्फत सम्पूर्ण व्यवसायी तथा घरधनीको तथ्यांक संकलन गरी स्वदेशी तथा विदेशी पर्यटकले आफूलाई चाहिने जानकारी सहजै प्राप्त गर्नसक्ने बनाउन लागिएको बताए । ठमेललाई विशेष पर्यटकीय क्षेत्र घोषणा गरिने, शान्ति सुरक्षालाई व्यवस्थापन गरिने, ट्राफिक तथा फोहर व्यवस्थापन, तार तथा सडकबत्ती व्यवस्थापन, घरबेटी र व्यवसायीबीच सुमधुर सम्बन्ध राखिने उनले बताए ।

अध्यक्षका अर्का उम्मेदवार धुव्र अधिकारीले विगत कार्यसमितिले अगाडि सारेका सकारात्मक योजनालाई पूरा गर्न आफूले उम्मेदवारी दिन लागेको बताए । उनले व्यवस्थित ठमेल निर्माणका लागि यहाँभित्रका घरबेटी र व्यवसायीबीच सहकार्य गरेर अगाडि बढ्ने उल्लेख गरिन् । सफा, सुन्दर र सुरक्षित ठमेल आफ्नो संकल्प भएको अधिकारीले बताए ।

उक्त निर्वाचनमा दुवै समूहबाट उपाध्यक्ष पदका लागि सहदेव (विमल) धमला, राजीव पाण्डे, चेतनाथ पुडासैनी र श्रीकृष्ण थपलिया, महासचिवमा बद्रीप्रसाद तिमल्सिना र सोजेशमान मालाकारले उम्मेदवारी दिएका छन् । सचिवमा पुण्यराम लागेजु र दिलीप (मिलन) कँडेल, कोषाध्यक्षमा प्रकाश थपलियाको उम्मेदवारी परेको छ ।

सदस्यमा कोपिला सिंखडा, रोशन अधिकारी, कुमार नेपाली, पूर्णप्रसाद चौलागाईं, विनोद श्रेष्ठ, अमृत थोकर (लामा), सानुकाजी महर्जन, रमेश विश्वकर्मा, रञ्जयमान प्रधान, नवीन तामाङ, सुदर्शन खनाल, जनकसिंह तामाङ, बद्रीप्रसाद अर्याल र लालबाबु चौधरीको उम्मेदवारी परेको निर्वाचन अधिकृत उमादेवी प्रसाईंले जानकारी दिए । परिषद्को २९औं साधारणसभा तथा निर्वाचनका लागि एक हजार एक सय ९३ जनाले मताधिकार प्रयोग गर्न पाउनेछन् ।

**विज्ञापन दर/रेट सम्बन्धी सूचना**

**प्रभाव** राष्ट्रिय दैनिकमा आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशन हुने विज्ञपनको दररेट २०८१ साउन १ देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**ज्याकेट विज्ञापन रू. १५,00,000/-**

**विज्ञापन दर/रेट**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | रु.२४००/- | रु.२२००/- |
| भित्री पृष्ठ | रु.१६००/- | रु.१४००/- |
| अन्तिम पृष्ठ | रु.२०००/- | रु.१८००/- |

**वर्गीकृत डिस्प्ले**

| विवरण | रंगीन | श्यामश्वेत |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु.३,०००/- | रु.१५००/- |
| प्रतिशब्द | रु.३०/- | रु.२५/- |

***नोट*** *: उपरोक्त दररेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन ।*

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
फोन नं.०१-४३७३५७७, ४५८४३६८
E-mail : marketing2prabhab@gmail.com
website: www.prabhabonline.com

## म्याग्दीका दुग्ध कृषक अनुदानबाट वञ्चित

**म्याग्दी (प्रस)–** दूध उत्पादन वृद्धि र कृषकलाई प्रोत्साहन गर्न गण्डकी प्रदेश सरकारले पठाएको अनुदानबाट जिल्लाका कृषक वञ्चित भएका छन् । जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले कृषकलाई अनुदान वितरण गर्न विनियोजन भएको रकम कार्यविधि प्रक्रिया नमिल्दा बजेट फिर्ता पठाउनुपरेको जनाएको छ ।

दूध उत्पादन गर्ने कृषकलाई प्रतिलिटर रु दुई दशमलव ५० का दरले अनुदान उपलब्ध गराउन प्रदेश सरकारले केन्द्रलाई चालु आर्थिक वर्षका लागि रु २४ लाख बजेट विनियोजन गरेको थियो । अनुदान कार्यक्रमका लागि दोनान, बास्कुना, शुभकामना कृषि र सिमलचौर बीउबिजन कृषि सहकारी संस्थाले केन्द्रमा आवेदन पेस गरेका थिए ।

शुभकामना कृषि सहकारी संस्थामा आबद्ध कृषकले मात्र रु दुई लाख एक हजार पाँच सय अनुदानबापतको रकम पाएका बेनी नगरपालिका-७ कुरिलाखर्कमा रहेको ढुङ्गाना कृषि तथा पशुपन्क्षी फार्मका सञ्चालक सुरेश ढुङ्गानाले जानकारी दिए । बाँकी रु २१ लाख ९८ हजार पाँच सय फिर्ता भएको हो । कार्यविधिअनुसार सबै प्रक्रिया पूरा गरेर तोकिएको कागजात पेस गरे पनि कार्यालयका केही कर्मचारीको बेवास्ताका कारण कृषक अनुदानबाट वञ्चित भएका उनले गुनासो गरे ।

'हरेक चौमासिक रूपमा वितरण गर्नुपर्ने अनुदान कर्मचारी अभाव भएको भन्दै एकै किस्तामा आर्थिक वर्षको अन्तिममा भुक्तानी गर्ने प्रतिबद्धता जनाएका भेटेरिनरी कार्यालयका कर्मचारीले आवको अन्त्यमा बेवास्ता गर्दा अनुदान रकम फिर्ता गएको हो', ढुङ्गानाले भने, 'यही असार २४ गते सम्म भुक्तानी आउने आश्वासन पाएका किसान अनुदानबाट वञ्चित भएका छन् ।' बेनी बजारमा दैनिक एक हजार पाँच सय लिटर दूध आपूर्ति गर्ने ढुङ्गानालगायत १८ जना कृषकले दोभान कृषि सहकारी संस्थामार्फत अनुदानका लागि आवेदन पेस गरेका थिए । दैनिक दुई सय लिटरभन्दा बढी दूध निकासी गर्ने बास्कुना, तातोपानी, बरङ्जा क्षेत्रका कृषकले सिमलचौर कृषि सहकारीमार्फत आवेदन दिएको जनाएका छन् ।

**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार मसान्तभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरू सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल
फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ